# मन्त्रालयगत प्रगति विवरण

## आर्थिक वर्ष २०८१/०८२

कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८२

# मन्त्रालयगत प्रगति विवरण

(आ.व. २०८०/८१ को यथार्थ विवरण र आ.व. २०८१/८२ को
चैत्र मसान्तसम्मको खर्चको विवरण)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८२, असार

# कर्णाली प्रदेशको संक्षिप्त परिचय

नेपाली समाज रुपान्तरणको ऐतिहासिक सन्दर्भमा विभिन्न समयमा भएका जनआन्दोलन र विशेष गरी कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलन पश्चात जारी भएको नेपालको संविधान अनुसार तत्कालीन कर्णाली, भेरी अञ्चलका ३ र राप्ती अञ्चलका २ जिल्ला समेटेर कर्णाली प्रदेशको स्थापना भएको हो। सङ्घीय शासन प्रणाली अनुरुप पुनर्संरचना गरी बनेका ७ प्रदेश मध्ये कर्णाली प्रदेशमा १० वटा जिल्लाहरु रहेका छन्। विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता भएको र क्षेत्रफ़लका हिसाबले नेपालको सात प्रदेशमध्ये कर्णाली प्रदेश सवैभन्दा ठुलो प्रदेश हो। यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ वटा स्थानीय तहमा ७१८ वडाहरु रहेका छन्। यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांशसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो प्रदेश समुन्द्र सतहबाट सबैभन्दा होंचो भू-भाग कर्णाली र भेरीको दोभान जामु कुइने १८० मिटर उचाईमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाईमा रहेको छ।

राष्ट्रिय जनगणना २०७८ नतिजा अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ। कर्णाली प्रदेशको गरिबी दर २६.६९ प्रतिशत रहेको छ, जुन राष्ट्रिय दर २०.२७ प्रतिशतको तुलनामा उच्च रहेको छ।

जातीय, भाषिक तथा सांस्कृतिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा क्रमशः क्षेत्री, कामी, मगर, ठकुरी, दमाई, पहाडी ब्राह्मण, गुरुङ लगायतका जातिहरुको बसोबास रहेको छ भने, नेपाली, खस, राजी, राउटे, मगर, खाम, काइके, तामाङ, मगर, थारु, मुगाली, कार्मारोङ्ग, भोटेखाम मुख्य रुपमा बोलिने भाषाको रुपमा परिचित छन्। यस प्रदेशमा विभिन्न जात/जाति, भाषाभाषी, धार्मिक सम्प्रदायकाबिच लामो समयदेखि धार्मिक सहिष्णुता, जातिय एवम् भाषिक सहअस्तित्व कायम रहेको छ।

सुन्दर पहाड, हिमवत् खण्ड, उच्च हिमशृखला लगायत प्राकृतिक सम्पदाले भरिपूर्ण असङ्ख्य मन्दिर, पाटी पौवा गुम्बा, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण रहेको कर्णाली प्रदेश पर्यटनका दृष्टिले पर्याप्त सम्भावना रहेको छ। धर्म तथा लोक संस्कृतिको अनुपम थलोको रुपमा रहेको यस प्रदेशका महत्वपूर्ण प्राचीन स्थलहरु जस्तै सुर्खेतको काँक्रेविहार, देउतीबज्यै, सिद्धपाइला, कालिकोटको कालिका, महाबु, जुम्लाको चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, हुम्लाको खार्पुनाथ लगायत बाह्र देउताका मष्टहरु, मुगुको छायाँनाथ, डोल्पाको त्रिपुरासुन्दरी देवी, शे-गुम्बा तथा दैलेखको पञ्चकोशी र पञ्चदेवल आदि महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल रहेका छन्।

कर्णाली प्रदेश हिमाल, पहाड, तराईमा अवस्थित रहेको हुँदा हावापानीमा विविधता, जडीबुटीको प्रचुर सम्भावना, उच्च हिमाली भू-भागमा चौंरी, भेडा तथा च्याङ्ग्रा एवम् पहाडी जिल्लाहरुमा गाई, भैंसी, बाख्रा, तथा कुखुरा पालन भएको पाइन्छ। विभिन्न पर्यटकीय गन्तव्यहरु, भौगोलिक तथा जैविक विविधताले भरीपूर्ण प्राग इतिहास र संस्कृति रहेको कर्णाली प्रदेश पर्या-पर्यटनको हिसाबले ठुलो हिस्सा ओगटेको छ। नेपाल सरकारले "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय लक्ष्य अनुरुप कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा "**समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**" भन्ने दीर्घकालीन सोच रहेको र सो योजनाले पुरा गर्न नसकेको विषयहरु दोस्रो पञ्चवर्षीय योजनाले पुरा गर्ने गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको व्यापक सहभागितामा ७९ वटा स्थानीय तहको विकासका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरु निर्धारण गरी अपेक्षित नतिजा हासिल गर्न कर्णाली सोच २१०० को निर्माण गरी आर्थिक वर्ष २०८०/८१ सम्ममा अति कम विकसित प्रदेशको स्तरबाट मध्यमस्तरमा स्तरोन्ति भइ दिगो विकासका आवधिक लक्ष्य/सूचकहरु हासिल गर्दै नेपालको सोहौं योजनाले प्रतिव्यक्ति आय २३५१ अमेरिकी डलर पुऱ्याउने तथा कर्णाली प्रदेश दोस्रो पञ्चवर्षीय योजनाले १६५७ अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेको छ।

**तालिका १.१ : कर्णाली प्रदेश सम्बन्धी विवरण**

| विवरण | अवस्था |
|---|---|
| जिल्ला | १० |
| जनघनत्व | ६० |
| सङ्घीय निर्वाचन क्षेत्र | १२ |
| प्रादेशिक निर्वाचन क्षेत्र | २४ |
| नगरपालिका | २५ |
| गाउँपालिका | ५४ |
| कुल जनसङ्ख्या | १६८८४१२ |
| पुरुष | ८२३७६१ |
| महिला | ८६४६५१ |
| जनसङ्ख्या वृद्धिदर | ०.७० |
| परिवारको औसत आकार | ४.६१ |
| लैङ्गिक अनुपात | ९५.२७ |

***स्रोतः** राष्ट्रिय जनगणना, २०७८*

तालिका १.२ : प्रदेशको जातजातिगत तथा धार्मिक अवस्थाः प्रतिशतमा


| जातजाति विवरण | अवस्था | धर्म | अवस्था |
|---|---|---|---|
| क्षेत्री | ४२.१६ | हिन्दु | ९४.७० |
| पहाडी ब्रहामण | ८.०३ | बौद्ध | ३.१६ |
| मगर | १०.४३ | इस्लाम | ०.२११ |
| थारु | ०.५२ | किराँत | ०.००६ |
| नेवार | ०.२७ | क्रिश्चियन | १.७४५ |
| विश्वकर्मा | १६.२३ | प्रकृति | ०.१७८ |
| परियार | ४.०५ | बोन | ०.०३२ |
| ठकुरी | १०.४९ | | |
| मिजार | २.८४ | | |
| सुनुवार | ०.२७ | | |
| बादी | ०.०४ | | |
| भोटे | ०.३६ | | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*


तालिका १.३ : कर्णाली प्रदेशभित्रका स्थानीय तह सम्बन्धी विवरण

| जिल्ला | कुल स्थानीय तह सङ्ख्या | नगरपालिका संङ्ख्या | गाउँपालिका संङ्ख्या | कुल वडा संङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | ६ | ३ | ३ | ७३ |
| सल्यान | १० | ३ | ७ | ८३ |
| सुर्खेत | ९ | ५ | ४ | ९९ |
| दैलेख | ११ | ४ | ७ | ९० |
| जाजरकोट | ७ | ३ | ४ | ७७ |
| डोल्पा | ८ | २ | ६ | ६५ |
| जुम्ला | ८ | १ | ७ | ६० |
| कालिकोट | ९ | ३ | ६ | ८२ |
| मुगु | ४ | १ | ३ | ४५ |
| हुम्ला | ७ | ० | ७ | ४४ |
| कर्णाली प्रदेश | ७९ | २५ | ५४ | ७१८ |
| नेपाल | ७५३ | २९३ | ४६० | ६७४३ |

# कर्णाली प्रदेश सरकारको आ.व. २०८०/८१ र २०८१/८२ को चैत्रसम्मको खर्चको तुलनात्मक विवरणः-




# कर्णाली प्रदेश सरकारको आ.व. २०८०/८१ र २०८१/८२ चैत्रसम्मको आन्तरिक राजस्वको तुलनात्मक विवरणः-



# प्रगति विवरणको सम्बन्धमा

प्रस्तुत "**मन्त्रालयगत प्रगति विवरण**" पुस्तकमा कर्णाली प्रदेश सरकारका सबै मन्त्रालयहरुको संक्षिप्त परिचय, दीर्घकालीन सोच, उदेश्य तथा रणनीतिको साथै आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च विवरण, आर्थिक वर्ष २०८१/८२ को प्रगति, बजेट र चैत्र मसान्तसम्मको खर्च विवरण समावेश गरिएको छ। चालु आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम सबै मन्त्रालयहरुसँग सम्बन्धित नीति तथा कार्यक्रमको सम्बन्धमा वि.सं. २०८१ चैत्र मसान्तसम्मको वित्तीय र भौतिक प्रगति, जनशक्ति तथा पदपूर्तिको मौजुदा अवस्था, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौती उल्लेख गरिएका छन्। यस आर्थिक वर्षमा तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका विवरण समावेश समेत गरिएको छ। विषयगत मन्त्रालयबाट सो अवधिमा कार्यसम्पादन भएका महत्वपूर्ण कार्यको संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

विषयगत मन्त्रालयहरुले उपलब्ध गराएका तथ्याङ्क, सूचना एवम् प्रगति विवरण, बजेट सूचना प्रणालीमा आधारित रही तथ्याङ्क तयार पारिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश

# विषय सूची


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १० |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २३ |
| ४. | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | ३६ |
| ५. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४४ |
| ६. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५४ |
| ७. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ६४ |
| ८. | सामाजिक विकास मन्त्रालय | ८१ |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रूपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको कार्यजिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरूबिच समन्वय, निर्देशन र सुपरिवेक्षण, अन्तर सरकार समन्वय लगायतका विषय पर्दछन।

## २. दीर्घकालीन सोचः

**स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।**

## ३. ध्येयः

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहिता मार्फत सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

## ४. रणनीतिक उद्देश्यहरूः

- प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु,
- प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु,
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- सदाचारिता प्रवर्द्धन, प्रभावकारी कानुनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,

- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
- विकास निर्माण कार्यलाई समन्वयात्मक रूपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता मार्फत गुणस्तरीय एवम् नतिजामूलक बनाउनु।

## ५. कार्य क्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस कार्यालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी, |
| २. | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, |
| ३. | प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन, |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, |
| ५. | प्रदेश सरकारको कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, |
| ६. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण, |
| ७. | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन, |
| ८. | प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण, |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन, |
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन, |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार, |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय, |
| १३. | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन, |
| १४. | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन, |
| १५. | राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध, |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन, |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय, |
| १८. | प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, |
| १९. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन, |
| २०. | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, |
| २१. | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय, |
| २२. | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन, |
| २३. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा। |

## ६. आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १८० | सार्वजनिक प्रशासनलाई जवाफदेही, उत्तरदायी, नतिजामूलक, राष्ट्र र जनताप्रति बफादार, नागरिकमैत्री, सुशासनयुक्त र विश्वसनीय बनाउन शासकीय सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। निजामती सेवालाई जनमैत्री, व्यावसायिक, प्रविधिमैत्री, जवाफदेही र सक्षम बनाइनेछ। स्थानीय सेवा सञ्चालन सम्बन्धी ऐन बनाइ कार्यान्वयनमा ल्याइनेछ। | प्रदेश निजामती सेवा ऐन र नियमावली, २०८० र ऐनको पहिलो संशोधन २०८१, कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, र नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको। |
| १८१ | प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना बनाइ कार्यान्वयन गरिनेछ। प्रदेश सरकारका निकायहरूको व्यवस्थापन परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। यी निकायहरूमा संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली | व्यवस्थापन परीक्षणको मापदण्डका लागि कार्यविधिको मस्यौदा तर्जुमा गरिएको र स्वीकृतिको चरणमा रहेको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | र सेवा प्रवाहको मापदण्डको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। | |
| १८२ | जनताको गुनासो र सुझाव प्रत्यक्ष रूपमा सम्बोधन गर्न हाम्रा कुरा **हाम्रा मुख्यमन्त्री कार्यक्रम**लाई थप व्यवस्थित गर्दै लगिनेछ। मुख्यमन्त्रीको प्रत्यक्ष सहभागितामा नागरिकको माग र समस्या सम्बोधन गर्न जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन गरिनेछ। | २६० वटा गुनासो प्राप्त भएकोमा ८७ वटा फर्स्योट भएको र १७३ वटा फर्स्योटको प्रक्रियामा रहेको छ। |
| १८३ | कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेशको सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्न कर्णाली सेवा पुरस्कार लाई निरन्तरता दिने। | प्रदेश निजामती सेवामा कार्यरत ११ जना कर्मचारीहरूलाई प्रदेश निजामती सेवा पुरस्कार वितरण गरिएको। |
| १८४ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई क्रमश आत्मनिर्भर बनाउन व्यवसायिक योजना बनाई कार्यान्वयन गरिनेछ। उक्त प्रतिष्ठानबाट प्रदेश तथा स्थानीय तहको पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रम मार्फत कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै लगिनेछ। | अनुसन्धान विधि तथा पद्धति सम्बन्धी क्षमता विकास कार्यक्रम, स्थानीय तहका लै.स.सा.स. सम्पर्क व्यक्तिहरूको क्षमता विकास (ToT, कार्यशाला गोष्ठी), सेवा प्रवेश तालिम, क्षमता विकास तालिम, अधिकृतस्तर १५ दिने सेवा प्रवेश तालिम सम्पन्न भएको। |
| १८५ | भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति लिई शासकीय स्वच्छता कायम गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ। | सार्वजनिक सेवा प्रवाहका लागि विभिन्न सूचना प्रणालीहरूको उपयोग गरिएको छ। |
| १८६ | प्रदेश सरकारका निकायको पुनर्संरचना गरी कार्यसम्पादनलाई चुस्त, प्रभावकारी, छिटो, छरितो र पारदर्शी बनाइनेछ। प्रदेशका निकाय तथा कर्मचारीको कार्यसम्पादनलाई प्रभावकारी | वित्तीय जोखिम मूल्याङ्कनका लागि कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट कार्यविधि स्वीकृत भएको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | र नतिजामूलक बनाउन वस्तुगत सूचकमा आधारित प्रदेशका निकायको संस्थागत स्वमूल्याङ्कन र कार्यसम्पादन व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ। | |
| १८७ | सार्वजनिक प्रशासनलाई विकास, सुशासन र समृद्धि प्राप्तिको संयन्त्रको रूपमा विकास गरिनेछ। कर्मचारीसँग वस्तुगत सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सोको आधारमा मूल्याङ्कन गर्ने व्यवस्थालाई संस्थागत गर्दै लगिनेछ। | कार्यसम्पादन सम्झौता गरी मूल्याङ्कन गर्नको लागि आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षामा प्रतिवद्धता गरिएको। |
| १८८ | प्रदेश सरकार अन्तर्गतका निकायहरूको सङ्गठन संरचनालाई चुस्त र उपयुक्त आकारमा ल्याउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। प्रदेश सरकारका कर्मचारीहरूको व्यक्तिगत विवरणको अभिलेख प्रणालीलाई सुदृढीकरण गर्न सूचना प्रविधिको उपयोग बढाइनेछ। | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा सुझाव प्राप्त गर्न उच्च स्तरीय सुझाव समिति मन्त्रिपरिषद्बाट गठन गरी कार्य प्रारम्भ भएको छ। |
| १८९ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। प्रदेशभित्रका रिक्त प्राविधिक दरबन्दीमा सेवा करारबाट पदपूर्ति गर्दा उपलब्ध भएसम्म प्रदेश लोक सेवा आयोग वा सङ्घीय लोक सेवा आयोगको वैकल्पिक वा अस्थायी योग्यताक्रम सूचीबाट पदपूर्ति गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु। | प्रदेशभित्रका रिक्त प्राविधिक दरबन्दीमा लोक सेवा आयोगबाट स्थायी पदपूर्ति गरिएको र स्थायी पदपूर्ति हुन नसकेका दरबन्दीमा प्रक्रिया पूरा गरी पदपूर्ति गर्ने अभ्यासको सुरूवात भएको। |
| १९० | सङ्घीय निजामती सेवा ऐनसँग सामञ्जस्यता हुने गरी कर्णाली प्रदेश निजामती सेवा ऐनको परिमार्जन गर्न संशोधन विधेयक तयार गरी प्रदेशसभामा पेस गरिनेछ। | कर्णाली प्रदेश निजामती सेवा ऐनको पहिलो संशोधन प्रदेश सभाबाट पारित भइ प्रमाणीकरण समेत भएको छ। |

## ७. आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- मन्त्रिपरिषद्को २२ वटा बैठक बसी १२१ वटा निर्णयहरू भएको,
- **स्वीकृत** दरबन्दीमध्ये समायोजन, सङ्घीय सरकारबाट कामकाजमा खटाइएका, लोकसेवा आयोगबाट सिफारिस भएका र करार सेवाबाट गरी २४३६ जनशक्ति पदपूर्ति भएको,
- **कर्मचारी** अभिलेख सम्बन्धीः आर्थिक वर्ष २०८०/०८१ को प्रदेश र स्थानीय तहका जम्मा २२०६८ पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन गरी व्यवस्थित अभिलेखीकरण गरिएको,
- **प्रदेश** लोक सेवा आयोगबाट सिफारिस भइ प्रदेश तथा स्थानीय तहमा नियुक्ति तथा पदस्थापन भएका १७६१ कर्मचारीहरूको वैयक्तिक विवरण (सिटरोल) दर्ता कार्य भइरहेको,
- आ.व. २०८०/८१ को वार्षिक समीक्षा गरी ९ बुँदे साझा प्रतिवद्धता र सोको पहिलो प्रगति समीक्षा मिति २०८१/०६/०४ गते सम्पन्न गरिएको,
- **प्रदेश** निजामती सेवामा कार्यरत  ११ जना कर्मचारीहरूलाई प्रदेश निजामती सेवा पुरस्कार वितरण गरिएको,
- **कर्णाली** प्रदेश अनुगमन प्रणालीमा कार्यालयको सबै स्वीकृत वार्षिक कार्यक्रम तथा कार्यान्वयन माइलस्टोन प्रविष्ट गरिएको,
- ६१ वटा स्थानीय तहका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन भएको,
- दैलेख, जाजरकोट, सल्यान जिल्लाका स्थानीय तहमा मुख्यमन्त्री रोजगार कार्यक्रम **कार्यान्वयनको** अनुगमन भएको,
- **कार्यालयबाट** सम्पादन भएका कार्यहरु त्रैमासिक रूपमा स्वतः प्रकाशन गरिएको,
- **सूचना** अधिकारी मार्फत माग भएका सूचना उपलब्ध गराइएको,
- **प्रदेशस्तरका** कार्यालयहरूमा इ-हाजिरी मेसिन जडान तथा सेटिङमा प्राविधिक सहायता प्रदान गरिएको,
- **मुख्यमन्त्री** रोजगार कार्यक्रम अनलाइन प्रणालीको अद्यावधिक कार्य विज्ञमार्फत भइरहेको,
- **कर्णाली** प्रदेशको सेवा प्रवाह तथा विकास निर्माणका सम्बन्धमा जनताको गुनासो तथा सुझावका लागि **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री कार्यक्रम** सञ्चालनमा रहेको छ। जसमा २६० वटा गुनासो प्राप्त भएकोमा ८७ वटा फर्स्योट भएको र १७३ वटा फर्स्योटको प्रक्रियामा रहेको,

- दैलेख, कालिकोट, जुम्ला र सल्यान जिल्लाका विभिन्न ७ वटा स्थानमा मानव अधिकार तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन भएको,
- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको समीक्षा, अनुगमन समिति गठनमा सहजीकरण भइ बैठक सञ्चालन भएको,
- मानव अधिकार सम्बन्धी प्रदेश समन्वय समितिको बैठक सञ्चालन भएको।

## ८. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/ कार्यालय/निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९७७०७० | १८६१२३ | ९.४१ |
| | **जम्मा** | **१९७७०७०** | **१८६१२३** | **९.४१** |

*स्रोतः आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा विनियोजित बजेट र चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थाः

*(रू. हजारमा)*

| ब.उ.शि.नं. | मन्त्रालय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३०१०००११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५१०४२ | ७९६६६ | ५२.७४ | ४७.७४ |
| ३०१०००११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४४३५ | ४६९१ | ३२.५ | १३६.९१ |
| ३०१००१०२३ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ८०० | ० | ० | २७.८७ |

| ब.उ.शि.नं. | मन्त्रालय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३०१००१०२४ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | २८००० | ४७६० | ० | ० |
| ३०१६११९०१३ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | ९५५ | २५३ | २६.४९ | 0 |
| ३०१६११९०१४ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | ४४६०३ | २४७५२ | ५५.४९ | 0 |
| ३०१९११२१३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १३९९५५ | ५२३२ | ३.७४ | २४.०९ |
| ३०१९११२१४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(सङ्घ ससर्त अनुदान) | १५०० | ० | ० | ३८.६३ |
| **जम्मा** | | **३८१२९०** | **११९३५४** | **३१.३** | **९.४१** |

*स्रोतः कर्णाली प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS)*

## १०. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौतीः-

- **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री** प्राप्त गुनासो फर्स्योटको संयन्त्र, फोकल पर्सन क्षमता विकास,
- प्रदेश र स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा तादात्म्यता कायम गर्न,
- प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन र सोको अनुगमन तथा मूल्याङ्कन,
- कर्मचारीको क्षमता विकास (सार्वजनिक खरिद, कार्यालय व्यवस्थापन, सूचना प्रविधि र सेवाकालीन),
- आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन,
- सङ्घ, स्थानीय तहसँगको अन्तरनिकाय समन्वय र सहकार्य न्यून हुनु,
- दातृ निकाय तथा गैरसरकारी संस्थाः योजना तर्जुमा एकद्वार प्रणाली र अभिलेख,

- व्यवस्थापन परीक्षण गर्न र सोको सुझावहरू कार्यान्वयन गर्न,
- सम्पत्ति विवरण अभिलेख व्यवस्थापन (स्थान र संरक्षण),
- कार्यसम्पादन सम्झौताको निरन्तरता र कार्यान्वयनः लक्ष्य प्रगति बिच आबद्धता,
- नेतृत्व तहका कर्मचारीको छिटो छिटो सरुवा हुनु,
- संस्थागत स्मरणको कमजोर अवस्था।

## ११. यस आर्थिक वर्षमा तर्जुमा भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड :

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१, |
| २ | कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१, |
| ३ | कर्णाली प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८१, |
| ४ | कर्णाली प्रदेश निजामती सेवा पुरस्कार वितरण कार्यविधि, २०८१, |
| ५ | कर्णाली प्रदेशका निजामती कर्मचारीलाई तालिम, अध्ययन, अध्ययन भ्रमण र छात्रवृत्ति बाँडफाँट गर्ने सम्बन्धी मापदण्ड, २०८१ |
| ६ | मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ |

## १२. जनशक्तिको अवस्थाः

- कुल दरबन्दी सङ्ख्या : ६३
- कुल पदपूर्ति सङ्ख्या : ५७
- रिक्त सङ्ख्या : ६

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमि

प्रदेशको समग्र आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा नियमन र आर्थिक स्रोतको बाँडफाँट गर्न मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको गठन भइ कार्यारम्भ गरेको छ। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने। प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन गर्ने। प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, नियमन, प्रदेश विनियोजन ऐन, प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन कायम गर्ने, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेशस्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरू सञ्चालन, व्यवस्थापनसम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। प्रदेश सरकारको सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण र सङ्घीय नीति अनुरूप सह-वित्तीयकरणको जिम्मेवारी समेत यसै मन्त्रालयमा रहेको छ।

## २. दीर्घकालीन सोचः

**"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"** को सपना साकार पार्ने।

## ३. ध्येयः

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

## ४. रणनीतिक उद्देश्यहरूः

- पुँजीगत खर्च वृद्धिका लागि सहजीकरण गर्ने,
- आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने,
- अनुदान तथा सहायताको उच्चतम उपयोग गर्ने,
- सम्भावित आर्थिक क्षेत्रको पहिचान र परिचालन गर्ने,

- विकासको लागि निजी क्षेत्र लगायतको लगानी आकर्षण गर्ने,
- सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने,
- वित्तीय अनुशासन कायम गर्ने।

## ५. कार्य क्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४ | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन, |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर, |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग, |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन, |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान, |
| १० | सङ्घीय नीति अनुरूप सह-वित्तीयकरण, |
| ११ | प्रदेश आर्थिक कार्यविधि, सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन, |
| १२ | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, |
| १३ | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन, |
| १४ | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी, |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण, |
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर बाँडफाँट तथा पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिबाना सङ्कलन र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, |
| १८ | सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण, |
| १९ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २० | सङ्घसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य, |
| २१ | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |
| २२ | बीमा र बीमा व्यावसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३ | प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन, |
| २४ | आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य। |

## ६. आ.व. २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९६ | प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरूलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापन सम्बन्धी छुट्टै ऐन निर्माण गरिनेछ। आयोजना व्यवस्थापनलाई संस्थागत र प्रणालीबद्ध गर्न प्रदेश आयोजना बैङ्क स्थापना र सञ्चालनमा ल्याउने। | आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि २०८१ र कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड २०८१ र सूचना व्यवस्थापन प्रणाली तर्जुमा भइ कार्यान्वयनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९७ | सीमित स्रोत साधनलाई प्राथमिकतापूर्ण क्षेत्रमा उच्चतम् प्रयोग गर्न प्रदेश सरकारको नीति, योजना, बजेट तथा कार्यक्रमबिचको तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने। | MTEF सम्बन्धी कर्णाली प्रदेश योजना आयोगले कार्य गरेको छ। यस सम्बन्धि सूचना व्यवस्थापन प्रणालीको विकास गरेको। |
| १९८ | प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उक्त समितिमा बस्न नपाउने व्यवस्था गर्ने। | आ.व. २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन मार्फत प्रदेश सरकारका विषयगत मन्त्रालय र निकाय तथा स्थानीय तहहरुमा परिपत्र गरिएको। |
| १९९ | बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र तयार गरिनेछ। बजेट कार्यान्वयन प्रक्रियालाई शिघ्र र व्यवस्थित गर्न मापदण्ड, कार्यविधि, निर्देशिका लगायतका आवश्यक कानुनको पहिलो त्रैमासिकभित्र तर्जुमा गरिने। | साउन मसान्तमा कार्य योजना तयार भएको र अधिकांश मन्त्रालयबाट पेश गरेको कार्यविधि, निर्देशिका उपर तर्जुमाको लागि यस मन्त्रालयवाट राय परामर्श दिइ पठाइएको छ। |
| २०० | बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रममा रू. १० करोडभन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रूपमा मूल्याङ्कन गर्ने। | २०८१/१२/१० गते विषयगत मन्त्रालयसँग छलफल गरिएको। |
| २०१ | प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको प्रभावकारिता वृद्धिका लागि जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउन आवश्यक बजेटको व्यवस्था मिलाउने। | अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउन प्रति जिसस कम्तिमा रू. ५ लाखका दरले बजेट विनियोजन भएको र अनुगमन तथा निरीक्षण गरी केही जिल्ला समन्वय समितिले प्रतिवेदन पठाएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २०२ | योजना तथा विकास सम्बन्धी विषयहरूमा अध्ययन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन गर्न कर्णाली प्रदेश योजना आयोगको संरचनागत सुधार, क्षमता विकास तथा स्रोत साधन सम्पन्न गरी बौद्धिक समूह (थिङ्क ट्याङ्क) को रूपमा विकास गरिनेछ। | कर्णाली प्रदेश योजना आयोगका पदाधिकारीको मिति २०८१ साउन २४ गते नियुक्त भइ पद वहाल गरेको। आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ लगायत, मापदण्ड, सूचना व्यवस्थापन प्रणाली र दोस्रो आवधिक योजना जारी भएको। |
| २०३ | प्रदेश सरकारको विकास प्रक्रियामा आमनागरिक तथा जनप्रतिनिधिको चासो र अपेक्षा मूखरित गराउने ध्येयले सरकारी बजेट तथा योजना प्रक्रियामा प्रदेश सांसदको भूमिका र योगदानलाई सुसूचित गरिनेछ। | कार्यविधि तर्जुमा लगायत आयोजना छनोटमा प्रक्रिया सम्बन्धी विषयमा प्रदेशसभा सदस्यलाई सहभागी गराई कार्यक्रम गरिएको। |
| २०४ | प्रदेश सरकारको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न र वित्तीय व्यवस्थापनमा संलग्न पदाधिकारी तथा कर्मचारीको अधिकार, जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्न आगामी आर्थिक वर्षभित्र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तयार गरी कर्णाली प्रदेशसभामा पेस गरिनेछ। | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८१ तर्जुमा भइ कार्यान्वयनमा रहेको। |
| २०५ | प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्णरूपमा कार्यान्वयन गरी बेरुजु फर्स्यौटको लागि लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइनेछ। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ संरचनाहरू स्थापना गरिने छैन। | थप आर्थिक दायित्व पर्ने गरी संरचना स्थापनाको लागि यस मन्त्रालयबाट सहमति नदिइएको। |
| २०६ | वित्तीय जोखिम (फिडुडिसियरी रिक्स) र वित्तीय श्राव (फिस्कल ब्लिडिङ) नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्नका लागि कर्णाली प्रदेश वित्तीय जोखिम | कर्णाली प्रदेश वित्तिय जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ तर्जुमा भइ कार्यान्वयनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | मूल्याङ्कन कार्यविधि परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ। | |
| २०७ | पन्ध्र लाख भन्दा बढी लागत अनुमानका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरी स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिने। | बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख गरी विषयगत मन्त्रालय र स्थानीय तहमा परिपत्र गरिएको। |
| २०८ | पर्याप्त स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने प्रवृत्तिको अन्त्य गरिनेछ। स्रोत सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चारगुणा भन्दा बढी नहुने गरी बढीमा तीन वर्षको लागि स्रोतको सहमति दिने गरी मापदण्डको पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। | स्रोत सहमतिलाई व्यवस्थित वनाईको छ। यस सम्बन्धी कार्यविधिको पूर्ण परिपालना गरिएको। |
| २०९ | स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः खारेज भएको मानिनेछ। यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आह्वान नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति यसै बजेटमार्फत खारेज गरिएको। | विषयगत मन्त्रालयसँग वहुबर्षिय स्रोत सुनिश्चित आयोजनाको प्रगति विवरण माग भइ कार्यान्वयन अवस्थाका सम्बन्धमा छलफल गरी बहुवर्षीय स्रोत सुनिश्चितता सम्बन्धी कानुनमा भएको प्रावधान कडाइका साथ लागू गरिएको। |
| २१० | प्रदेशभित्रका आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन भएका आयोजनाको पहिलो चौमासिक अवधिभित्र खरिद प्रक्रिया सुरू गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। तोकिएका लक्ष्य समयमा नै हासिल गर्ने निकायलाई | बुँदामा उल्लेखित कुरालाई कार्यान्वयनमा ल्याइएको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पुरस्कृत गर्ने र नगर्नेलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ। | |
| २११ | बजेटमा विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। | विनियोजन ऐन, बजेट वक्तव्यको पूर्ण पालना गरिएको। |

## ७. आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- आर्थिक वर्ष २०८१/८२ को लागि मिति २०८१/०४/०४ गते मन्त्रालयबाट ३६ बुँदे मार्गदर्शन विषयगत मन्त्रालयलाई र ७० बुँदे मार्गदर्शन स्थानीयतहलाई बजेट कार्यान्वयन सम्बन्धी पठाइएको,
- मिति २०८१/०४/१० गते मन्त्रालयको वार्षिक समीक्षा बैठक सम्पन्न गरिएको,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा समानीकरण अनुदान सिफारिसका सूचकको प्रगति विवरण मिति २०८१/०५/३० गते पठाइएको,
- मिति २०८१/०६/१३ गते विगत तीन वर्ष देखिको ससर्त अनुदान सम्बन्धी विवरण विनियोजन भएको बजेट विवरण सहित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा सिफारिस सहित विवरण उपलब्ध गराइएको,
- कर्णाली प्रदेशका स्थानीय तहबाट समपूरक र विशेष अनुदानको लागि प्रस्ताव पेश गर्न सुचना प्रकाशनका आधारमा ३९७ वटा आयोजनाको प्रस्ताव प्राप्त भइ उपसमितिबाट मूल्याङ्कन गरी सोको प्रतिवेदन मुल समिति समक्ष पेस गरिएको,
- बहुवर्षिय स्रोत सुनिश्चितता प्रदान गरिएका आयोजनाहरू, चालु आर्थिक वर्षमा संचालित १० करोड वा सो भन्दामाथिका आयोजनाहरूको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तिय प्रगति, चुनौती र आगामी समयको कार्यदिशा सम्बन्धमा माननीय मुख्यमन्त्री,

विषयगत मन्त्रालयका मन्त्री तथा सचिव र प्रदेश योजना आयोगका पदाधिकारी सहितको सहभागितामा समीक्षा कार्यक्रम सम्पन्न भएको,

- बजेटको मध्यावधि समीक्षा मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन भएको,
- आर्थिक वर्ष २०८२/८३ का लागि कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको लागि रु ९५ करोडको बजेट सीमा बाँडफाँटको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा सिफारिस पठाइएको,
- आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा प्रयोजनका लागि विभिन्न मितिमा सरोकारवालाहरू सहित स्रोत अनुमान समितिको बैठक सम्पन्न भएको,
- विषयगत मन्त्रालयबाट बजेटसँग सम्बन्धित कार्यविधिको राय सहमति प्रदान गरिएको,
- बहुवर्षीय तथा स्रोत सहमतिको लागि विषयगत मन्त्रालयबाट माग भएका आयोजनाको सहमति प्रदान गरिएको,
- आर्थिक वर्ष २०८२/८३ को लागि स्रोत अनुमान समितिको बैठकबाट अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा प्रतिवेदन पेश गरिएको,
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा बाँडफाँट गर्नुपर्ने गरी विनियोजन भएको बजेट मन्त्रालय तथा कर्णाली प्रदेश योजना आयोगको सिफारिसमा सम्बन्धित कार्यालयमा बाँडफाँट गरिएको,
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा बाँडफाँट गर्नुपर्ने गरी विनियोजन भएको दलित आयआर्जन कार्यक्रमको रकम मन्त्रालय तथा कर्णाली प्रदेश योजना आयोगको सिफारिसमा बाँडफाँट गरिएको,
- सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट बाँडफाँटको लागि प्राप्त बजेट तथा कार्यक्रम सोही मन्त्रायको कार्यक्रम अनुसार सम्बन्धित कार्यालयलाई बाँडफाँट गरिएको,

## ८. समस्या तथा चुनौतीहरूः

- प्रदेश सरकारबाट सङ्घीय सरकार अन्तर्गतका निकायहरूको भौतिक संरचना निर्माणका लागि बजेट माग हुने गरेको र सोही अनुसार संघकै संरचना निर्माणमा खर्च हुने गरेको,
- वार्षिक बजेट विनियोजन गर्दा एकमुष्ट रूपमा (अवण्डा) बजेट राख्न नपाईने व्यवस्था भएतापनि केही मन्त्रालयले एकमुष्ट रूपमा बजेट राखेको र उक्त रकम समयमा

बाँडफाँट हुन नसक्दा बजेट कार्यान्वयन हुन नसकेको। यसले पुँजीगत खर्च क्षमतामा अवरोध सिर्जना गरेको,

- नेपाल सरकार, प्रदेशका विषयगत मन्त्रालय तथा स्थानीय तहसँगको समन्वयको अभावमा आयोजनाहरू दोहोरो पर्ने सम्भावना रहेको,
- वार्षिक विकास कार्यक्रममा समावेश नभएका नयाँ आयोजनाका लागि बजेट माग गर्ने प्रवृत्ति अत्याधिक रहेको,
- बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र पछि थप रकम माग गर्ने तथा रकमान्तर प्रस्ताव गर्ने प्रवृत्तिले विनियोजन कुशलता कायम गर्न चुनौती रहेको।

## ९. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/ कार्यालय/निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९२१२१ | ५९७९२ | ६३.८२ |
| | **जम्मा** | **९२१२१** | **५९७९२** | **६३.८२** |

*स्रोतः आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आ.व. २०८०/८१ र २०८१/८२ को चैत्र मसान्तसम्मको कर्णाली प्रदेश सरकारको आय सम्बन्धी तुलनात्मक अवस्थाः

| सि. नं. | खर्च शीर्षक | राजस्व शीर्षक | २०८१ चैत्र सम्मको रकम रू. | २०८० चैत्र सम्मको रकम रू. |
|---|---|---|---|---|
| १ | ११११४ | कृषि आयमा लाग्ने कर | ३०० | ० |
| २ | ११३१५ | बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६७५६३४९५.७ | ४२५८४२०६.८० |
| ३ | ११४११ | बाँडँफाँट भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | ४३०५३९८९७७ | ३९४९९०५२०९.२३ |
| ४ | ११४२१ | बाँडफाँट भइ प्राप्त हुने अन्त शुल्क | १४६६७००१३५ | १२३२५४७७५१.९५ |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ८०००० | ० |

| सि. नं. | खर्च शीर्षक | राजस्व शीर्षक | २०८१ चैत्र सम्मको रकम रू. | २०८० चैत्र सम्मको रकम रू. |
|---|---|---|---|---|
| ६ | ११४५२ | बस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर | ५३३२५ | १०१६५१ |
| ७ | ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १०३६६५१४५ | ८५९२८८४९ |
| ८ | ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ८६२४४२ | ० |
| ९ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ७५७२०० | ९४२८८० |
| १० | १३३११ | समानीकरण अनुदान | ६५५५६४८१२० | ५६६४४५२९३० |
| ११ | १३३१२ | ससर्त अनुदान चालु | ७४७८३२४८७.५ | ११५३४२५००० |
| १२ | १३३१३ | विशेष अनुदान चालु | ४४३८५००० | १२५०६८७२२ |
| १३ | १३३१४ | समपूरक अनुदान चालु | १०८१९७००० | ८६४७९६८० |
| १४ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ९८९४५८.५ | ८०८३५३.५० |
| १५ | १४१५३ | बाँडफाँट भइ प्राप्त वन रोयल्टी | २३५३४३३१.६ | २४२१९९३२.९० |
| १६ | १४१५४ | बाँडफाँट भइ प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | १४२९२४.४९ | ५६६९६०.५५ |
| १७ | १४१५६ | बाँडफाँट भइ प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ८८०४९४.२५ | ५१६९६६.५० |
| १८ | १४१५७ | बाँडफाँट भइ प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | १९८०३५४६.८३ | १०७८१९२६.५० |
| १९ | १४१५८ | बाँडफाँट भइ प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ४३३१६६.७६ | ५०४४९९.८६ |
| २० | १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | २९१९१९.६४ | १५२५७०.९० |
| २१ | १४२११ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ११३१५८२ | ८६०१३५ |

| सि. नं. | खर्च शीर्षक | राजस्व शीर्षक | २०८१ चैत्र सम्मको रकम रू. | २०८० चैत्र सम्मको रकम रू. |
|---|---|---|---|---|
| २२ | १४२१२ | सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | ३६२९७१ | २९११६९ |
| २३ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | २७२३७९ | ९२१४७ |
| २४ | १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | २५०५५ | ३८९५ |
| २५ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ३२००९० | ३२०५८५ |
| २६ | १४२२४ | परीक्षाशुल्क | ११९७२२७० | १८३९८२५१ |
| २७ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ७८१५५३३ | ६५१६२७७ |
| २८ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २३४७२४२६.४ | १८४४१४३०.३७ |
| २९ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०१९६७५ | ९५०१८५७ |
| ३० | १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | १२२०१८ | २७८६५२ |
| ३१ | १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | ३७८२३०३७ | ४९४६८३८७ |
| ३२ | १४२६४ | वन क्षेत्रको  अन्य आय | १३३७४६९१.८ | २३०६५८०४.४२ |
| ३३ | १४३११ | न्यायिक दण्ड, जरिबाना र जफत | १९१६२५ | २६४०० |
| ३४ | १४३१२ | प्रशासनिक दण्ड, जरिबाना र जफत | २९११५६६० | ४०७८४७७९.३८ |
| ३५ | १४५२९ | अन्य राजस्व | १००४४९ | १२२९६० |
| ३६ | १५१११ | बेरुजु | ३३०५०४३२.६३ | ३३००३६१२.५९ |
| ३७ | १५११२ | निकासा फिर्ता | १३३०४९६१.६६ | ४१३४०५२६.४९ |
| ३८ | १५११३ | अनुदान फिर्ता | ४१६१७७२ | १०५०६१२८८.०८ |
| ३९ | ३३३४१ | सवारी साधन कर | २०४३०४०७६ | १८५१७२७१६ |
| ४० | ३३३६१ | वन क्षेत्रको रोयल्टी | ६४५३५५५५.०८ | ४१८५४४८७.८५ |

*स्रोतः- प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।*

## ११. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा खर्चको यथार्थ अवस्थाः

*(रू. हजारमा)*

| व.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८३९७१ | ५२३२५ | ६३.१२ |
| ३०५०००११४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८१५० | ७४६७ | ९१.६२ |

| व.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०१६३ | १३७१२ | ६७.४४ |
| ३०५०१०११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ७२०० | ४०७ | ४.७९ |
| व.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | प्रतिशत |
| ३०५०१०१२३ | प्रदेश लेखा इकाई कार्यालयहरू | ६३६२३ | ५११४२ | ८०.६ |
| ३०५०१०१२४ | प्रदेश लेखा इकाई कार्यालयहरू | ४१०० | ३३५० | |
| व.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | प्रतिशत |
| ३०५०३०११३ | जिल्ला समन्वय समितिहरू | ६००० | ५५२० | ९२ |
| व.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | प्रतिशत |
| ३०५०२०११३ | मालपोत कार्यालयहरू | ६०० | ० | ० |
| | **जम्मा** | १९३८०७ | १३३९२३ | ६१.१ |

*स्रोतः आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १२. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा विनियोजित बजेटको चैत्र मसान्तसम्मको तुलनात्मक अवस्थाः

*(रू. हजारमा)*

| व.उ.शि.नं. | बजेट उपशीर्षक तथा कार्यक्रम | विनियोजित रकम | खर्च रकम | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७२७४३ | ३१३०९ | ४३.०४ | ४१.५८ |
| ३०५०००११४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७०४९ | ६०२३ | ८५.४४ | ६६.८३ |
| | | | | | |
| व.उ.शि.नं. | बजेट उपशीर्षक तथा कार्यक्रम | विनियोजन | खर्च | प्रतिशत | |
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०६५६ | १०११७ | ४८.९८ | ४९.१५ |
| ३०५०१०११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १८०० | १३०६ | ७२.५६ | ० |
| | | | | | |

| व.उ.शि.नं. | बजेट उपशीर्षक तथा कार्यक्रम | विनियोजन | खर्च | प्रतिशत | |
|---|---|---|---|---|---|
| ३०५०१०१२३ | प्रदेश लेखा इकाई कार्यालयहरू | ६३८०७ | ३६४६२ | ५७०१४ | ५३.९७ |
| ३०५०१०१२४ | प्रदेश लेखा इकाई कार्यालयहरू | ४३०० | ३०८४ | ७१.७२ | ५८.५४ |
| | | | | | |
| व.उ.शि.नं. | बजेट उपशीर्षक तथा कार्यक्रम | विनियोजन | खर्च | प्रतिशत | |
| ३०५०३०११३ | जिल्ला समन्वय समितिहरू | ५००० | ११९१ | २३.८२ | ३६.०२ |
| | **कुल जम्मा** | **१७५३५५** | **८९४९२** | **५१.०३** | |

## १३. मन्त्रालयबाट यस आर्थिक वर्षमा तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड :

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ |
| २ | कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ |
| ३ | कर्णाली प्रदेश आयोजनाको बहुवर्षिय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ |
| ४ | कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ |
| ५ | कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ |

## १४. विद्यमान जनशक्तिको अवस्था :

- स्वीकृत दरबन्दीः ३५
- पदपूर्ति दरबन्दीः २८
- रिक्त दरबन्दीः ७

## १५. मन्त्रालयको सम्पर्क ठेगाना :

वेवसाईटः *http://moeap.karnali.gov.np/*

ईमेलः *moeap6@gmail.com*

फोन नं.: ०८३-५२१३७१

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

प्रदेशलाइ औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी, तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रसोधन गरि निर्यात जन्य पदार्थको उत्पादन गरी निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरूको माध्यमबाट गरिबी न्युनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य ब्यापारको सहजीकरण, प्रवर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकाश र समुन्नतिमा टेवा पुर्याउदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुर्याउने लक्ष्यका साथ यो मन्त्रालयको स्थापना मिति २०७४/११/०३ गते भएको हो।

## २. दीर्घकालीन सोच :

दिगो वन व्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत प्रदेशको समृद्धि।

## ३. ध्येय :

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने।

## ४. रणनीतिक उद्देश्यहरूः

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्धति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने,

- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्च मूल्य तथा बहुउपयोगी फलफूल, जडीबुटी र बोट बिरुवाहरू वृक्षारोपण अभियानको रूपमा सञ्चालन गर्ने,
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडीबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरण गर्ने,
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पूरातात्त्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वर्द्धन गर्ने,
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वन बुट्यान, बिउ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने,
- स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाइ गर्दै सार्वजनिक स्थल, नदी किनार, सडक छेउ, खोल्सा–खोल्सीमा बाँस, अम्रिसो, फलफूल लगायतका आयमूलक बहुउपयोगी बोटबिरूवा लगाई जैविक प्रविधि प्रयोगमा सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रूपमा विकसित गर्ने,
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने।

## ५. कार्य क्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण। |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन। |
| ३. | ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन। |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता। |
| ५. | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन। |
| ६. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| | लगत सङ्कलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय। |
| ७. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी। |
| ८. | कलकारखाना र औद्योगीकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ९. | उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन। |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना सञ्चालन र विस्तार। |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन। |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन। |
| १३. | उपभोक्ताहरूको अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन। |
| १४. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन। |
| १५. | सङ्घीय मापदण्ड अनुसार स्टाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन। |
| १६. | उपभोक्ता अदालत गठन र सञ्चालन। |
| १७. | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय। |
| १८. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन। |
| १९. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन। |
| २०. | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन। |
| २१. | दामासाहीमा परेका उद्योग, व्यावसायीक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २२. | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन। |
| २३. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन। |

| क्र.सं. | कार्य जिम्मेवारी |
| --- | --- |
| २४. | सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी। |
| २५. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २६. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन। |
| २७. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग। |
| २८. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता। |
| २९. | प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन। |
| ३०. | पर्यटक प्रहरी व्यवस्थापन। |
| ३१. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन। |
| ३२. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ३३. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण। |
| ३४. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन। |
| ३५. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन। |
| ३६. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन। |
| ३७. | जडीबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान तथा तथ्याङ्क सङ्कलन। |
| ३८. | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह। |
| ३९. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग। |
| ४०. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन। |
| ४१. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट। |
| ४२. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन। |
| ४३. | प्रदेशभित्र भू–स्खलन नियन्त्रण। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ४४. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन। |
| ४५. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ४६. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना। |
| ४७. | प्रदेशस्तरमा वातावरणीय जोखिम न्यूनीकरणका लागि तयारी तथा उद्धार। |
| ४८. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन। |
| ४९. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण। |
| ५०. | प्रदेशस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन। |
| ५१. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन। |
| ५२. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण। |
| ५३. | भू-परिधी क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन। |
| ५४. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण। |
| ५५. | अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन। |
| ५६. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउ बगैंचा स्थापना र व्यवस्थापन। |
| ५७. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| ५८. | प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन। |
| ५९. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| ६०. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग। |
| ६१. | वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास। |
| ६२. | विज्ञान सङ्ग्रहालय र प्लोटोरियमको स्थापना र सञ्चालन र व्यवस्थापन। |

## ६. आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्तसम्मको प्रगति विवरण :

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र सम्मको प्रगति |
|---|---|---|
| ६० | उद्यमशील सोच र क्षमता भएका प्रतिभावान् युवाहरूलाई नयाँ उद्यम व्यवसायप्रति आकर्षण गर्न स्टार्टअप इकोसिस्टम विकासका लागि आवश्यक नीति, मापदण्ड तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरी संस्थागत गर्दै लगिने छ। | उद्योग तथा उपभोक्ता हित निर्देशनालय र मातहतका कार्यालयहरूबाट जिल्लाको मागका आधारमा सिप विकास तालिमहरू सञ्चालन गरिएको। हुम्लामा खामु चुलि तेल, मुगुमा डाँलेचुक प्रशोधन केन्द्र स्थापनाको चरणमा रहेका। |
| ६१ | **नवप्रवर्तनकारी प्रेरणा, उद्यमशीलताको जगेर्ना** भन्ने मूल नारासहित नवप्रवर्तनकारी उद्यमीलाई व्यवसाय प्रारम्भ र सवलीकरणका लागि प्रविधि सहयोग र क्षमता अभिवृद्धिका लागि उद्यमशीलता एवम् सिप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ। | महिलाहरूको जिविकोपार्जनमा सुधार ल्याउन रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरी महिलाहरूमा आर्थिक सचेतना र आफ्नै स्वामित्वमा उद्योग खोल्न प्रोत्सहान गरिएको। सबै जिल्लाहरूमा सिपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमीहरूलाई प्रविधि तथा उपकरणहरू हस्तान्तरण गरिएको। |
| ६४ | सिपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमशीलता विकास, रोजगारमूलक तालिम र प्रविधि हस्तान्तरणमार्फत उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान बनाउन आवश्यक रकम विनियोजन गरेको छु। दलित समुदायको उत्थान तथा सशक्तीकरणको लागि दलित आयआर्जन तथा सिप विकासको लागि रू. ५ करोड विनियोजन गरेको छु। | सबै जिल्लाहरूमा सिपसँग सहयोग कार्यक्रम सञ्चालन गरिएको। मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र सम्मको प्रगति |
|---|---|---|
| ६५ | कर्णाली प्रदेशभित्रका विषयगत मन्त्रालयले सञ्चालन गर्ने सिप विकास तालिम, उत्पादन प्रोत्साहन, प्रशोधन केन्द्र स्थापना र बजारीकरण, स्टार्टअप बिजनेस लगायतका उत्पादन र रोजगारीसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। | सबै जिल्लाहरूमा सिपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमीहरूलाई प्रविधि तथा उपकरणहरू हस्तान्तरण गरिएको। |
| ६६ | प्रदेश सरकारका निकायबाट हुने खरिदमा प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहन गरिनेछ। रैथाने उत्पादनको बजारीकरणको लागि कार्यविधि बनाइ कोसेली घर सञ्चालनमा ल्याइनेछ। | सुर्खेतमा कोशेली गृह निर्माण गरिएको छ। |
| ६७ | स्थानीयस्तरमै उद्यमीहरूलाई प्रोत्साहन र हौसला प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गर्न टेवा पुर्‍याउने उद्देश्यले प्रशोधन केन्द्र स्थापनाका लागि आवश्यक सहयोग गरिनेछ। स्थानीय उद्यमीहरूको परम्परागत ज्ञान, सिप र क्षमता अभिवृद्धिका लागि प्रत्येक जिल्लामा सिप प्रतियोगिता सञ्चालन गरिनेछ। | सिप प्रतियोगिता कार्यक्रम सञ्चालन गरिएको छ। |
| ६८ | उपभोक्ताको हक हितको प्रत्याभूति दिलाउन सङ्घ, स्थानीय तह तथा अन्य सरोकारवाला निकायको सहकार्यमा बजारमा उपलब्ध हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण तथा बजार अनुगमन प्रणालीलाई सुदृढ बनाइने छ। | जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसँग सहकार्य गरी मासिक रूपमा बजार अनुगमन कार्यक्रम संञ्चालन गरिएको छ। |
| ७२ | ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वका पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा पुनर्निर्माण गरिनेछ। ऐतिहासिक युद्धस्थल कालिकोटको पिली र रुकुमको खारामा युद्ध सङ्ग्रहालय निर्माण कार्यको निरन्तरताका लागि आवश्यक रकम विनियोजन गरेको छु। | पर्यटकिय क्षेत्रको पहिचान तथा अभिलेखिकरण कार्य अगाडि बढेको तथा पिली संग्राहालय र खारा जनयुद्ध संग्राहालय निर्माण कार्य अन्तिम चरणमा रहेको। |
| ७५ | स्वच्छ, सफा र हरियाली सहरः कर्णालीको मानक वरिन्द्रनगर भन्ने सोचका साथ सङ्घीय सरकार, | सहरी हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुर्खेत जिल्लाको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र सम्मको प्रगति |
|---|---|---|
| | स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज र आमनागरिक समेतको सहयोग र सहभागितामा वीरेन्द्रनगर नगरपालिकाको मुख्य सहरी क्षेत्र तथा नदी किनारामा सहरी हरियाली प्रवर्द्धन गर्न प्रदेश राजधानी हरियाली कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। | विरेन्द्रनगर नगरपालिका धार्मिक क्षेत्र, सुब्बाकुना देखि बाँङ्गेसिमल सम्मको डिभाईडर तथा अन्य सार्वजनिक क्षेत्रमा बृहत वृक्षरोपण कार्यक्रम भएको। |
| ७६ | दिगो वन, समृद्ध जीवन भन्ने सोचको कार्यान्वयन गर्न वन पैदावारको सहज र सरल आपूर्ति तथा राजस्व सङ्कलनमा अभिवृद्धि गर्न दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। | दिगो वन व्यवस्थापन कार्यविधि २०८१ स्वीकृत भएको। |
| ७७ | जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्न लेक तथा पाटन संरक्षण रणनीति कार्यान्वयन गरी अनुकूलनका उपायहरू अवलम्बन गरिनेछ। जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयन गरिनेछ। | जलवायु परिवर्तन न्यूनीकरण गर्न विकास साझेदारसँग आगामी आर्थिक वर्ष देखि सञ्चालन गरिने गरि सम्झौता भएको। |
| ७८ | वृक्षारोपण योजनाको आधारमा बहुउपयोगी र मूल्यवान् प्रजातिका बहुवर्षीय गुणस्तरीय बिरुवा उत्पादन, वितरण तथा वृक्षरोपण कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु। | डिभिजन वन कार्यालयहरूमा वहुवर्षिय लगायत जडीबुटी प्रजातीका चार लाख तिन हजार चारसय विरुवाहरू वितरण तथा वृक्षरोपणको लागि तयार गरिएको। |
| ८० | मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन क्षेत्रमा वन्यजन्तुको आहारा बढावा दिने प्रजातिका बिरुवाहरूको वृक्षरोपण साथै कोरिडोर र कनेक्टिभिटि संरक्षण र विस्तार गरिनेछ। घाइते, टुहरा भएका वन्यजन्तुहरूको सुरक्षा, हेरचाह तथा उद्धार गरि पुनः प्राकृतिक वासस्थानमा फर्काउन वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। | घाइते, टुहुरा भएका वन्यजन्तुहरूको उद्धार कार्यक्रम नियमित रूपमा संचालनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र सम्मको प्रगति |
|---|---|---|
| ८१ | जलाधार क्षेत्रको दिगो विकासका लागि एकीकृत जलाधार व्यवस्थापन पद्धतिलाई अङ्गिकार गर्दै तल्लो तथा माथिल्लो तटीय क्षेत्रको सम्बन्ध स्थापित गर्ने गरी भू-क्षय नियन्त्रण, जमिनको उत्पादकत्व वृद्धि र पानी स्रोतहरूको दिगो व्यवस्थापनका लागि प्राकृतिक जल पुनर्भरण पोखरीमार्फत बहुआयामिक उपयोग, वातावरण संरक्षण, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतालाई बढावा दिने कार्यक्रम कार्यान्वयन गरिनेछ। | भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरू मार्फत प्रदेशभरी भू- संरक्षण, पहिरो नियन्त्रण, नदी कटान रोकथाम, जल पुनर्भरण पोखरी निर्माण, तटबन्ध निर्माण, पानी मुहान संरक्षण जस्ता बहुआयमीक क्रियाकलापहरू भएका छन्। |
| ८२ | कर्णाली प्रदेशलाई जडीबुटीको हबको रूपमा विकास गरी कर्णाली प्रदेशमा प्रचुर मात्रामा पाइने विभिन्न प्रकारका जडीबुटीहरूको पहिचान, सङ्कलन, भण्डारण, प्रशोधन र बजारीकरणबाट हरित रोजगारी तथा समुदायको आयआर्जन अभिवृद्धि गरिनेछ। उच्च मूल्ययुक्त जडीबुटीको व्यावसायिक खेती प्रवर्द्धनमा जोड दिइनेछ। यस पेसामा आश्रित स्थानीय तथा व्यवसायीहरूको उद्यमशीलता विकासको लागि आवश्यक प्रबन्ध मिलाइनेछ । | वन विकासका कार्यक्रमहरू मार्फत खोटो सङ्कलन, जडीबुटी सङ्कलन, वनमा स्थलगत अभ्यास तथा वनको दिगो उपयोग मार्फत हरित रोजगारी सृजना भइ वन क्षेत्रबाट रू. १ करोड ३४ लाख १०५.८० हजार रुपैया राजस्व सङ्कलन भएको। |

## ७. आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- १० वटा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत भएको,
- प्रादेशिक औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतिको चरणमा रहेको,
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम कर्मचारीहरूको स्तरवृद्धि गरिएको,
- ३८.५७ प्रतिशत वन क्षेत्रको संरक्षण, सदुपयोग तथा व्यवस्थापन भएको,
- प्रदेश भित्रका पहिरो संवेदनशील क्षेत्रहरू पहिचान भएको,
- ५ हेक्टर वनक्षेत्रमा भएको अतिक्रमण नियन्त्रण गरिएको,

- २३१९०३.२५ क्यू फिट काठ तथा ८९.७६ चट्टा दाउरा उत्पादन भइ विक्री वितरण भएको:

| विरुवा उत्पादन/खरिद | (संख्या) |
|---|---|
| फलफूलका विरुवा | ४००० |
| काष्ठ जन्य | २९५०० |
| जडीबुटीका विरुवा | २६००० |
| जम्मा विरुवा उत्पादन | ६९५०० |

- १४.८७ हेक्टर क्षेत्रफलमा वृक्षारोपण (Including Winter Plantation) भएको,
- १३ वटा नयाँ सामुदायिक वन उपभोक्ता समुह, १ वटा निजी वन गठन, दर्ता तथा हस्तान्तरण भएको,
- काँक्रिविहार वरिपरि कम्पाउण्ड वाल निर्माण आयोजनको म्याद थप गरिएको,
- भुक्षय नियन्त्रण, नदी कटान नियन्त्रण, भू-संरक्षण लगायतका कार्यहरू गरिएको,
- प्राकृतिक रिचार्ज पोखरीहरू निर्माण, पानी मुहानहरूको संरक्षण तथा सिमसार क्षेत्रको व्यवस्थापन गरिएको,
- बुलबुले गुरुयोजना कार्यान्वयन मार्फत बुलबुले डक एण्ड फिस पोन्डको कार्य सञ्चालन गरिएको,
- उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरूबाट सबै जिल्लामा सीप प्रतियोगिता, उद्यमशिलता विकास तथा सिप विकास तालिमहरू संचलान गरिएको, मेसिनरी औजार वितरण भएको तथा बजार अनुगमनका कार्यहरू तीव्र रूपमा सञ्चालन गरिएको,
- लक्षित वर्ग विशेष कार्यक्रमहरू सञ्चालन भएका, मेला महोत्सवमा उत्पादित वस्तुहरू प्रदर्शन गर्न उद्यमीहरूलाई सहयोग गरिएको।

## ८. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरू:

- कार्यक्षेत्रगत विज्ञताको अभाव,
- बहुबर्षिय प्रकृतिका कार्यक्रममा पर्याप्त श्रोतको अभाव,
- अनुदानमूलक कार्यक्रममा ठोस कानुनको अभाव।

## ९. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू

- यस मन्त्रालय मातहत कार्यान्वयनको चरणमा रहेका स्वीकृत १२ वटा बहुवर्षिय आयोजनाहरू मध्ये ३ वटा आयोजनाहरूको सम्पन्न भइ सकेको साथै ४ वटा आयोजना यसै आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने गरी कार्य अगाडि बढाउनुपर्ने,
- वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने।

## १०. आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१९२८५३ | १४१६८६२ | ६४.६१ |
| | **जम्मा** | **२१९२८५३** | **१४१६८६२** | **६४.६१** |

*स्रोतः आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ११. आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्त सम्मको आन्तरिक राजस्व प्राप्तिको अवस्थाः-

| राजस्व शीर्षक नं. | राजस्व शीर्षक | प्राप्त रकम रू. |
|---|---|---|
| ११६११ | व्यवसायले गर्ने भुक्तानी | ७६८,७०० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त रकम | ७९७०००.५ |
| १४१९२ | पदयात्रा शुल्क | ७०० |
| १४२१२ | सरकारी सम्पत्तिको विक्री बाट प्राप्त रकम | ३५९६७१ |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | १५५८५८ |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | १४४३० |
| १४२२९ | अन्य प्रशासनिक सेवा सुल्क | ७७३६०७७.४ |
| १४२५३ | व्यवसायले रजिष्ट्रेशन दस्तुर | ५१७३६०५ |
| १४२६४ | वन क्षेत्रको अन्य आय | १३४९६१०६ |
| १४३११ | न्यायिक दण्ड जरिबाना र जफत | १९१६७५ |
| १४३१२ | प्रशासनिक दण्ड जरिबाना र जफत | ६२१४८८ |
| १४५२९ | अन्य राजस्व | २७९५० |
| १५१११ | बेरुजु | ५९८९८९५.७४ |
| ३३३६१ | वन क्षेत्रको अन्य रोयल्टी | ६२५७८९७७.०८ |
| | **कुल जम्मा** | **९७९१२१३३.५२** |

## १२. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा विनियोजित बजेट चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थाः

*(रू. हजारमा)*

| क्र. सं. | ब.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११६१३३ | ३७५५३ | ३२.३४ | ४८.९७ |

| क्र.सं. | ब.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| २ | ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ३८९०६.५ | २०३६५ | ५२.३४ | ५२.८३ |
| ३ | ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू | १४०१३५.५ | ५३२१३ | ३७.९७ | ४९.५ |
| ४ | ३०७०१९०१ | सिप विकास तथा रोजगारमुलक तालिम | ४५३५० | १९८७२ | ४३.८२ | ४१.४५ |
| ५ | ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | २०३०० | ६६५१ | ३२.७६ | ५.७ |
| ६ | ३०७०२०११ | वन तथा वातावरण निर्देशनालय | ४१९०९ | २०९०५ | ४९.८८ | ५१.८३ |
| ७ | ३०७०२०१२ | डिभिजन वन कार्यालयहरू | ४७९५२६ | ३०६३०३ | ६३.८८ | ४९.४३ |
| ८ | ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | ६२६२३ | २९७७० | ४७.५४ | ४७.०८ |
| ९ | ३०७०२९०२ | एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम | २३५५०० | ५९६०७ | २५.३१ | ७.७८ |
| १० | ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/ पर्यापर्यटन विकास | ३८२५०० | ६०८९६ | १५.९२ | २.०६ |
| ११ | ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | १३३८४५ | ३५५४३ | २६.५६ | १२.४२ |
| १२ | ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १६९१७ | ११८१५ | ६९.८४ | ६१.५४ |
| १३ | ३०७०३९०१ | अनुसन्धान तथा विकास | ११५०० | ० | ० | ०.४२ |
| १४ | ३०७९११२० | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ९०२३३ | ९७२० | १०.७७ | १७.५३ |
| १५ | ३०७९११२१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४८८०० | १०९१० | २२.३६ | ११.३३ |

| क्र.सं. | ब.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १६ | ३०७९११२२ | वातावरण विभाग (सङ्घ ससर्त अनुदान) | १२५०० | २२ | ०.१७ | २.०७ |
| १७ | ३०७९११२४ | जडीबुटी विकास कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ६६००० | २७३९ | ४.१५ | ४.८९ |
| १८ | ३०७९११२९ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) (सङ्घ ससर्त अनुदान) | ६९४१ | ५४८२ | ७८.९८ | ६३.२५ |
| | | **कुल जम्मा** | **१९४९६१९** | **६९१३६६** | **३५.४६** | |

## १३. यस आर्थिक वर्षमा तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | खोटो सङ्कलन कार्यविधि, २०८१ |
| २ | बार्षिक कार्यक्रम कार्यविधि, २०८१ |
| ३ | दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ |
| ४ | कोशेली गृह कार्यविधि, २०८१ |

## १४. विद्यमान जनशक्तिको अवस्था :

- स्वीकृत दरबन्दी : ७५१
- पदपूर्ति दरबन्दी : ५५९
- रिक्त दरबन्दी : १९२

## १५. मन्त्रालयको सम्पर्क ठेगाना :

वेवसाईटः *http://moitfe.karnali.gov.np*

ईमेलः *moitfe@karnali.gov.np*

फ्याक्सः ०८३-५२०२७१

फोनः ०८३-५२५२८८, ५२२५१४

# जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

## १. पृष्ठभूमिः

मन्त्रिपरिषद् बैठकको निर्णयानुसार २०७८।०१।२९, मन्त्रिपरिषद् कार्य विभाजन नियमावली, २०७४ तथा प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ संशोधन स्वीकृती भए बमोजिम यस मन्त्रालय स्थापना भएकोमा मिति २०७९ माघ ९ गतेको कर्णाली प्रदेश सरकार मन्त्रीपरिषद्को बैठकको निर्णयानुसार भौतिक पूर्वाधार विकास मन्त्रालयमा मिलान भएको। मिति २०८० वैशाख ९ गतेको मन्त्रीपरिषद्को निर्णय अनुसार मन्त्रीपरिषद् कार्य विभाजन नियमावली २०७४ को अनुसूची १ र २ मा शंसोधन पश्चात यस मन्त्रालय पुनःस्थापना भएको हो।

## २. दीर्घकालीन सोचः

१. जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि,
२. वैकल्पिक ऊर्जा विकास मार्फत ऊर्जामा पहुँच विस्तार,
३. दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि,
४. स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, तथा वातावरणीय सरसफाइ।

## ३. लक्ष्यः

जलस्रोतको एकीकृत उपयोगबाट सबै कर्णालीवासीलाई सुरक्षित खानेपानी सेवा उपलब्ध गर्दै जलश्रोतको व्यवसायिक उपयोग गरी खेतीयोग्य जमिनमा दिगो सिँचाइ तथा ऊर्जाको माध्यमबाट कृषि तथा अन्य अन्तर सम्बन्धित क्षेत्रहरूमा उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कर्णाली प्रदेशको समृद्धि सुनिश्चित गर्ने।

## ४. उद्देश्यहरूः

- जलस्रोतको बहुउपयोगबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,
- जलविद्युतको उत्पादन, उपभोग र निर्यात बढाउनु,
- वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार तथा उपयोग वृद्धि गर्नु।

## ५. रणनीतिहरू:

१. जलविद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,
२. न्यून कार्बन उत्सर्जनबाट वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुऱ्याउनु,
३. प्रविधियुक्त आधुनिक सिँचाइ उपयोग गरी अधिकतम् कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु,
४. आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीमा वातावरणीय स्वच्छता कायम गरी पूर्ण सरसफाई तर्फ अग्रसर बनाउनु,
५. नेपाल सरकारको समन्वयमा ठूला जलविद्युत् आयोजना निर्माणमा आवश्यक पर्ने नीति नियम निर्माण तयार गरी उत्पादन योग्य वातावरण सिर्जना गर्ने,
६. विद्युत् उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रिडमा प्रवाह गर्न प्रसारण लाइनहरू निर्माण गर्ने,
७. प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत् आयोजना सञ्चालन गर्ने,
८. वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने,
९. स्थानीयवासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने,
१०. सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने,
११. सामुदायिक सहभागितामा सरसफाइलाई अभियानका रूपमा सञ्चालन गर्ने,

## ६. कार्यक्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन्ः

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको ऊर्जा, विद्युत्, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन गर्ने। |
| २. | प्रदेशस्तरमा ऊर्जा, विद्युत्, खानेपानी तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन गर्ने। |
| ३. | ऊर्जा, विद्युत्, सिँचाइ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने। |
| ४. | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ५. | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने। |
| ६. | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। |
| ७. | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। |
| ८. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन गर्ने। |
| ९. | मौसम र जल मापन सञ्चार सञ्चालन व्यवस्थापन। |
| १०. | जल गुण तथा वायु गुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन। |
| ११. | प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको गुणस्तर, सेवा शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन। |
| १२. | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| १३. | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता। |

## ७. आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १६४ | खानेपानी, सिँचाइ, पर्यावरण र पर्यटनको एकीकृत विकासका लागि चौकुने गाउँपालिकामा रहेको जुम्ल्यामूल ताल बहुउद्देश्यीय आयोजना सञ्चालन। | खानेपानी, सिँचाइ, पर्यावरण र पर्यटनको एकीकृत विकासका लागि चौकुने गाउँपालिकामा रहेको जुम्ल्यामूल ताल बहुउद्देश्यीय आयोजनाको प्रथम प्याकेजमा रहेको लिफ्टिङको कार्य सम्पन्न भइ ३० हेक्टर क्षेत्रफलको भुमिमा सिँचाइ सुविधा पुगेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १६५ | **नदी माथिका गरा, बनाउँछौ हराभरा** भन्ने मूल ध्येयका साथ कर्णाली, भेरी बेसीन, शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा लिफ्टिङ प्रणालीको माध्यमबाट सिँचाइ सुविधा विस्तार गर्ने व्यवस्था मिलाएको छु। | निर्माणधिन करिव ३५ वटा सिँचाइ लिफ्टिङ आयोजनाहरु मध्ये ११ वटा सम्पन्न हुने क्रममा रहेको। |
| १६६ | जल संरक्षणका लागि कर्णाली प्रदेश जनता तटबन्धन लगायतका कार्यक्रम सञ्चालन गर्न रू. ३१ करोड ४४ लाख विनियोजन गरेको छु। उत्पन्न प्रकोप नियन्त्रण गरी जोखिमयुक्त बस्तीहरू | कर्णाली प्रदेश जनता तटबन्धन लगायतका भु-संरक्षण सम्बन्धी कार्यक्रम कार्यान्वयनमा आई करिव २०० हेक्टर जग्गा उकास संरक्षण भएको। |
| १६७ | सङ्घीय सरकारबाट प्रदेशभित्र सञ्चालन हुने ठूला जलविद्युत् आयोजना निर्माणका लागि लगानीकर्ताको पहिचान गरी कार्यान्वयनका लागि सङ्घिय सरकारसँग विशेष पहल गरिनेछ। सरकारी लगानीबाट सञ्चालन भएका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारबाट पनि शेयर लगानी गरिनेछ। **कर्णालीको पानी, कर्णालीवासीको लगानी** भन्ने सोचका साथ जलविद्युत आयोजनाहरूमा प्रभावित स्थानीय र प्रदेशवासी जनतालाई शेयर लगानीका लागि पहल र प्रोत्साहन गरिनेछ। स्थानीय तहको स्वामित्वमा निर्माण गरिने जलविद्युत आयोजनाहरूमा शेयर लगानी र अनुदान दिने व्यवस्था मिलाएको छु। | जगदुल्ला जलविद्युत आयोजना १०६ मेगावटमा शेयर लगानीको भएको र जगदुल्ला जलविद्युत आयोजना-ए १२० मेगावाट प्रदेश सरकारबाट लगानीको लागि स्वीकृति प्रदान भएको। |
| १६८ | राष्ट्रिय विद्युत प्रसारण सञ्जाल नपुगेका प्रदेशका दुर्गम तथा भौगोलिक रुपमा विकट स्थानमा सङ्घीय सरकार र स्थानीय तहको सहकार्यमा लघु जलविद्युत, सौर्य ऊर्जा लगायतका वैकल्पिक ऊर्जा प्रवर्द्धन | ६९ आयोजनाहरु सञ्चालनमा आई करिव ९००० जनसंख्या लाभान्वित हुने। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तथा मर्मत सम्भार कार्यलाई प्रोत्साहन गरिनेछ। ग्रामीण विद्युतीकरण कार्यक्रम लगायत विद्युत संरचना निर्माणका लागि रू. १४ करोड ६७ लाख विनियोजन गरेको छु। | |

## ८. आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

१. कार्यालय प्रमुखको भौतिक उपस्थितिमा अर्धवार्षिक प्रगति समीक्षा सम्पन्न,

२. स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गरी राय सुझाव प्रदान गरिएको,

३. आयोजना बैङ्कमा प्रविष्टी गर्ने प्रयोजनार्थ आयोजनाहरु माग गरिएको,

४. बहुवर्षीय ठेक्का सहमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने गरिएको,

५. जिल्ला कार्यालयको प्रगति विवरण मासिक रूपमा अद्यावधिक गरी आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम,

६. विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्यको लागि नियमित बैठक गरी Cluster member हरूलाई उच्च सतर्कतामा (High-alert) रहन निर्देशन दिईएको,

७. जाजरकोट भूकम्प प्रभावित क्षेत्रका आयोजनाका लगभग २५० जना मर्मत सम्भार कार्यकर्ता तथा समितिका पदाधिकारीहरूलाई मर्मत सम्भार तालिम दिईएकोमा सो क्षेत्रका योजनाबाट MASS CHLORINATION गरी पानी वितरण भइरहेको,

८. खानेपानी सरसफाइ तथा स्वच्छता विधेयक मस्यौदा छलफलका लागि स्थानीय जनप्रतिनिधिहरू सहित करिब ६० जना WASH सरोकारवालाको उपस्थितिमा एक दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको,

९. माग अनुसार सङ्घीय सरकारसँग बजेट माग सम्बन्धी विवरण सङ्कलन गरी लेखी पठाउनुका साथै आवश्यक समन्वय गरिएको,

१०. रुकुम पश्चिम र जाजरकोट जिल्लामा ३ वटा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा पूर्ण सरसफाइ तालिम सञ्चालन गरिएको।

## ९. आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८ | मन्त्रालय तथा मातहत कार्यालयको | ३५३९७३८ | २४१२९८४ | ६८.१७ |
| | **जम्मा** | **३५३९७३८** | **२४१२९८४** | **६८.१७** |

*स्रोतः आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आर्थिक वर्ष २०८०/८१ र २०८१/०८२ मा विनियोजित बजेटको चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थाः

*(रू. हजारमा)*

| क्र. सं. | ब.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३०८००९०१३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ७०३६२ | २०८६० | २९.६८ | ३१.१ |
| २ | ३०८००९०१४ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ७९०० | १६६८ | १२.९३ | १.३७ |
| ३ | ३०८०१९०१३ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय | ३३९१३ | १७४०३ | ५१.३२ | ४९.४ |
| ४ | ३०८०१९०१४ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय | १८५००० | २२५६५ | १२.२६ | १.६६ |
| ५ | ३०८०१९०२३ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू | १५५१३८ | ८७२५० | ५६.२४ | ४८.९७ |
| ६ | ३०८०१९०२४ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू | २२२०१९ | ४२१९७ | १९.३५ | १५.२१ |
| ७ | ३०८०१९०३४ | सिँचाइ आयोजनाहरू | ७९९५३० | २११५६७ | २६.४६ | २३.१८ |
| ८ | ३०८०१९०४४ | नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनाहरू | ३१४४४० | ११९७६८ | ३८.०९ | २४.९ |

| क्र. सं. | ब.उ.शि.नं. | बजेट उपशीर्षक | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९ | ३०८०१९०५४ | खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम | ९६८२७० | १५०७३५ | १५.५७ | १६.४९ |
| १० | ३०८९११२१४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ८१४० | ० | ० | १६.११ |
| ११ | ३०८९११२४४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना (सङ्घ ससर्त अनुदान) | ६५९३१ | १५४५५ | २३.४४ | २६.९३ |
| १२ | ३०८९११२५४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३७७७३ | ७७१० | २०.४१ | ६.२८ |
| | | **जम्मा** | २८६८४१६ | ६९७१९८ | २४.३१ | |

## ११. कार्यसम्पादनमा देखिएका समस्या तथा कारणः

- ऊर्जा क्षेत्रसँग सम्वन्धित प्राविधिक जनशक्तिको पद रिक्त भइ बजेट कार्यन्वयनमा समस्या रहेको,
- अनुगमन मूल्याङ्कनको कार्य प्रभावकारी हुन नसक्नु,
- आयोजनाहरुको छनोट गर्दा प्राविधिक र नागरिकको आवश्यकता तथा प्राथामिकताको आधारमा हुन नसक्नु,
- विनियोजन कुशलता र कार्यान्यिन दक्षताको अभाव रहनु,
- निर्माणजन्य सामग्री अभाव, मुल्यवृद्धि, दक्ष कामदारको अभाव रहनु,
- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्य गर्नको लागि कर्णालीको भुगोल, मौसमी जलवायु अनुकुलता, बालीनाली लगाउने र भित्र्याउने समय तथा निर्माण कार्यको समय तालिकीकरण नमिल्नु,

- नागरिकको माग भएका आयोजनाको आवश्यकता र प्राथमिकताका आधारमा प्रयाप्त बजेट विनियोजन हुन नसक्नु,
- अन्तर निकाय समन्वयको अभाव।

**समाधानको उपायः**

- आयोजना तथा कार्यक्रम छनोट कार्यमा स्पष्ट आधार, मापदण्ड, प्रणाली बनाई प्राथामिकताको आधारमा गरिनुपर्ने,
- मागमा आधारित, प्रतिफलयुक्त आयोजनाको छनोट गर्दा विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता बढाउने,
- पूर्व सम्भाव्यता अध्ययन पुरा गरी सम्भाव्य देखिएका आयोनाहरुमा मात्र प्रयाप्त बजेट विनियोजन गर्ने,
- मन्त्रालयको कार्यक्षेत्र अनुरूप आवश्यक जनशक्तिगत योजना तथा सँगठन संरचना तय गर्ने,
- अनुगमन तथा मूल्याङ्कन नियमन कार्य निममित रुपमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाउने,
- आयोजना कार्यान्वयन कार्ययोजना, खरिद गुरूयोजना बनाई समयमै कार्यतालिका बमोजिम कार्य गर्ने,
- प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि र उपभोक्ताको समितिका पदाधिकारी तथा उपभोक्तालाई आयोजना कार्यान्वयन तथा गुणस्तर सम्बन्धी क्षमता अभिवृद्धि तालिम उपलव्ध गराउने।

## १२. यस आर्थिक वर्षमा यस मन्त्रालयबाट तर्जुमा भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १. | कर्णाली प्रदेश जलविद्युत ऐन, २०८१ |

## १३. विद्यमान जनशक्तिको अवस्थाः

(क) स्वीकृत दरवन्दीः २२२

(ख) पदपुर्ति दरवन्दीः १६१

(ग) रिक्त दरबन्दीः ६१

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहेको छ । राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ । संविधान बमोजिम सङ्घको एकल अधिकार **अनुसूची-५** मा, प्रदेशको एकल अधिकार **अनुसूची-६** मा, सङ्घ र प्रदेशको साझा अधिकार **अनुसूची-७** मा, स्थानीय तहको एकल अधिकार **अनुसूची-८** मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार **अनुसूची-९** मा उल्लेख भएको सबैलाइ विदितै छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग-१३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० गतेको निर्णयानुसार सातै प्रदेशमा सात/सातवटा मन्त्रालयहरूको स्थापना गर्दा कर्णाली प्रदेशको पनि स्थापनासँगै यस मन्त्रालयको स्थापना भएको छ।

## २. दीर्घकालीन सोचः

प्राङ्गारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ, पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन वृद्धि गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको प्रत्याभूति दिने।

## ३. ध्येयः

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक, मर्यादित, वातावरण मैत्री र प्रतिस्पर्धी बनाई कृषकहरूको आय वृद्धि गर्ने।

## ४. रणनीतिक उद्देश्यहरूः

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुऱ्याउने,
- तुलनात्मक लाभमा कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने,
- स्थानीय रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषि प्रवर्द्धन गर्ने।

## ५. कार्य क्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| २ | कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण, |
| ३ | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार, |
| ५ | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन, |
| ६ | कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन, |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार खाद्य सम्प्रभुता र खाद्य गुणस्तर, |
| ८ | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण, |
| ९ | कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन, |
| १० | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण, |
| ११ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, |
| १२ | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, |
| १३ | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन, |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, |
| १५ | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन, |
| १६ | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, |
| १७ | कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन, |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, |
| १९ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, |
| २० | जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, |
| २१ | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन, |
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना, |
| २३ | क्रमवद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन, |
| २४ | भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन, |
| २५ | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २६ | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन, |
| २७ | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय, |
| २८ | गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरीब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण, |
| २९ | सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, |
| ३० | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन, |
| ३१ | सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य, |
| ३२ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन, |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ३३ | जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सो बाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड योजना तर्जुमा र नियमन। |

## ६. आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्त सम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २७ | कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्न चक्लाबन्दि खेती विस्तार कार्यक्रम | सुर्खेत, दैलेख, सल्यान, पश्चिम रुकुम लगायतका जिल्लामा कृषि कार्यक्रम सञ्चालनमा रहेको; खाद्यान्न बाली, तरकारी तथा आलुबालीमा करिब २२ हे. मा चक्लाबन्दी भएको |
| २८ | गुणस्तरीय स्याउ तथा ओखर उत्पाउन तथा बजारीकरणमा सहयोग गर्न स्याउ तथा ओखर विकास कार्यक्रम | १६५ वटा कार्यक्रम कार्यान्वायनमा गएको तथा १०४ वटा भुक्तानी भएको; स्याउको १५००० बिरुवा रोपण मार्फत करिब ५० हेक्टर तथा ओखरको १७००० बिरुवा रोपण मार्फत करिब ६५ हेक्टर क्षेत्रफल विस्तार भएको। |
| २९ | सुन्तला बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत प्रांगारिक कृषक पाठशाला सञ्चालन | दैलेख, सल्यान, रुकुम पश्चिम र जाजरकोट जिल्लामा सुन्तला बालीमा ५ वटा कृषक पाठशाला सञ्चालन गरिएको। |
| ३० | माटोको अवस्था सुधार गर्नका लागि प्राङ्गारिक कृषक पाठशाला सञ्चालन | प्रत्येक जिल्लामा अर्गानिक कृषि पाठशाला र कम्पोस्ट मल तयारी पाठशाला नमुनाको रूपमा १/१ सञ्चालन। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३१ | खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउन तथा जिविकोपार्जनमा सुधार ल्याउनको लागि गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ३३ वटा सम्झौता भइ कार्यान्वयनमा गएको; ९ वटा सम्पन्न भएको, हालसम्म ६९ लाख भुक्तानी भएको।<br>हालसम्म १२०० बाख्रा वितरण भएको, बाख्राको खोर निर्माण कार्य, तरकारी बिउ वितरण, प्लास्टिक घर निर्माण, रैथाने बाली खेती विस्तार कार्यक्रम। |
| ३२ | गाईभैंसी पालन गर्ने कृषकलाई प्रोत्साहन गर्नका लागि प्रतिलिटर दुधमा रू. १० र रू. ५ अनुदान कार्यक्रम | सूचना प्रकाशन गरी कार्यान्वयनमा गएको; चैत्र मसान्तसम्म रू. ५० लाख भुक्तानी भएको |
| ३३ | व्याज अनुदान कार्यक्रम अन्तर्गत सहकारी तथा बैङ्क मार्फत ऋण लिएका कृषकहरूलाई व्याजमा क्रमशः १०% र ७% अनुदान | ६ वटा बैङ्क तथा ७ वटा सहकारी मार्फत १ करोड ३ लाख भुक्तानी भएको। |
| ३६ | निर्यातयोग्य रैथाने तथा अर्गानिक कृषि उत्पादन तथा प्रमाणीकरण कार्यक्रम अन्तर्गत अदुवा तथा बेसार प्रमाणीकरण कार्यक्रम | २००० कृषक अर्गानिक प्रमाणीकरण मा सहभागी भएको। |
| ३९ | कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम अन्तर्गत कुलो तथा आकाशे पानी सङ्कलन गर्ने पोखरी निर्माण तथा मर्मत | ४५० वटा सम्झौता भइ कार्यान्वयनमा गएको र २२९ वटा सम्पन्न भएको; हालसम्म ८ करोड २४ लाख भुक्तानी भएको। उक्त क्रियाकलाप बाट १०५० हेक्टर क्षेत्रफल सिंचाइ सुधार, ५० हेक्टर क्षेत्रफल विस्तार। |
| ४५ | पशु नश्ल सुधार मार्फत उत्पादकत्व वृद्धि गर्न कृतिम गर्भादानका लागि आवश्यक पर्ने तरल नाइट्रोजन उत्पादन प्लान्ट स्थापना कार्यक्रम | तरल नाइट्रोजन उत्पादन प्लान्टको सम्झौता भइ निर्माणाधीन अवस्थामा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४६ | भेडा/ च्याङ्ग्रा/ चौंरीपालक कृषकलाई औषधी उपचार सहयोग कार्यक्रम अनतर्गत ५० भन्दा वढी भेडापालन गर्ने कृषकहरूलाई औषधी उपचार बापत प्रोत्साहन अनुदान कार्यक्रम | कालिकोट, जाजरकोट, हुम्ला, जुम्ला तथा मुगु जिल्लामा कार्यक्रम सञ्चालन भएको, ७०२ जना भेडापालक कृषकलाई भुक्तानीको लागि छनोट गरिएको, रू. ५० लाख ४४ हजार भुक्तानी भएको। |

## ७. आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- कर्णाली प्रदेश बिउ बिजनसम्बन्धी ऐन, २०८१ प्रदेश सभाबाट पारित भएको तथा कर्णाली प्रदेश जीवनाशक विषादी विधेयक २०८१, जलचर संरक्षण सम्बन्धी विधेयक २०८१, कर्णाली प्रदेश कृषि विकास रणनीति २०८१ तथा कर्णाली प्रदेश परागसेचन व्यवस्थापन रणनीति २०८१ को मस्यौदा तयार भएको,
- व्यावसायिक कृषक तथा कृषि उद्यमीलाई कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम सञ्चालन गरिएको, जस अन्तर्गत बैङ्क तथा सहकारी संस्था मार्फत व्याजमा अनुदानको व्यवस्था गरिएको;
- कमजोर आर्थिक स्थिति तथा सीमित स्रोत साधन भएका सिमान्त कृषकका लागि गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिएको,
- पशुको कृतिम गर्भाधान गराउन आवश्यक पर्ने तरल नाइट्रोजन उत्पादन प्लान्टको सम्झौता सम्पन्न गरी कार्यदिश दिइएको,
- दुध उत्पादक कृषकलाई प्रोत्साहन गर्न प्रतिलिटर दुधमा रू. १० (हिमाली जिल्ला) तथा रू. ५ (पहाडी जिल्ला) अनुदानको व्यवस्था गरिएको,
- मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिएको,
- सतह तथा भूमिगत सिँचाइ तथा नयाँ प्रविधियुक्त सिँचाइ विस्तार तथा मर्मतका लागि साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गरिएको,
- प्राङ्गारिक तथा रैथाने बाली र पशुपन्छीको संरक्षण, प्रवर्धन तथा दिगो उपयोगका लागि उत्पादन प्रवर्धन तथा बजारीकरण सहयोगका कार्यक्रम सञ्चालन गरिएको,

- आई.पि.एम एप्रोच प्रदर्शन सञ्चालन हिमाली जिल्लामा स्याउमा, मध्यपहाडी जिल्लामा सुन्तलामा तथा पहाडी जिल्लाहरूमा अदुवा बालीमा प्राङ्गारिक कृषक पाठशाला सञ्चालन गरिएको,
- सुर्खेतको हर्रे तथा सल्यानको कपुरकोटमा द्रुत विषादी अन्वेषण प्रयोगशाला (RBPR Lab) सञ्चालनको लागि प्रक्रिया अगाडि बढाइएको र प्राङ्गारिक तथा जैविक मल र जैविक विषादीको प्रयोगमा अनुदानको व्यवस्था गर्न कार्यक्रम सञ्चालन गरिएको,
- उच्च मूल्यका कृषि वस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा सहयोग पुऱ्याउन प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम, व्यावसायिक फलफूल खेती प्रवर्धन कार्यक्रम, व्यावसायिक कृषि तथा पशुपन्छी प्रवर्धन कार्यक्रम, कृषि उपज बजारीकरणका लागि ढुवानी सेवा कार्यक्रम, कृषकलाई जग्गाभाडा सहयोग कार्यक्रम, बाली तथा पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम,
- पशुपन्छीजन्य महामारीबाट हुने आर्थिक हानीलाई कम गर्न जिल्लास्थित कार्यालयबाट खोप अभियान, शिविर तथा औषधी सहयोग कार्यक्रम सञ्चालन गरिएको; खोरेत, पि.पि.आर, स्वाईन फिवर, रेविज, रानीखेत जस्ता पशुपन्छीजन्य रोग नियन्त्रणका लागि जिल्लाहरूमा २७ हजार खोप वितरण गरी खोप अभियान जारी रहेको।

## ८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २१४९२९८ | १४६४७१५ | ६८.१५ |
| | **जम्मा** | **२१४९२९८** | **१४६४७१५** | **६८.१५** |

***स्रोतः*** *आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८०/८१ र २०८१/०८२ मा विनियोजित बजेट र चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थाः

*(रू. हजारमा)*

| क्र. सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/ निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ८२६०२ | ३५०२२ | ४२.४ | ४३.०८ |
| २ | ३१२०००१२ | एकीकृत कृषि प्रयोगशाला | २४०८९.६२२ | १२९२३ | ५३.६४ | ५९.१६ |
| ३ | ३१२०००१३ | भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ११६१९ | ८००८ | ६८.९२ | ६०.२ |
| ४ | ३१२००९०२ | कृषि यान्त्रिकीकरण कार्यक्रम | १०२५० | ० | ० | २३.९८ |
| ५ | ३१२००९०३ | ब्याज अनुदान कार्यक्रम | ११७६१८ | १०३२१ | ८.७८ | ८.५४ |
| ६ | ३१२००९०४ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ४८००० | ७९२१ | १६.५ | १०.९५ |
| ७ | ३१२००९०८ | सहकारी विकास कार्यक्रम | ८६८० | ३२६९ | ३७.६६ | ४५.२५ |
| ८ | ३१२००९०९ | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | ३७५१८ | ८३८४ | २२.३५ | १४.३९ |
| ९ | ३१२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | १४३३६८ | ७१०३३ | ४९.५५ | ३९.५ |
| १० | ३१२००९११ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | ५००० | २२७४ | ४५.४८ | ० |
| ११ | ३१२००९१२ | उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम (R-HVAP) | ३००० | ० | ० | ० |
| १२ | ३१२०१०११ | कृषि विकास निर्देशनालय | २८४९८ | १४४१६ | ५०.५८ | ४४.०४ |
| १३ | ३१२०१०१६ | कृषि विकास कार्यालयहरू | १९९५४७ | ११०१११ | ५५.१८ | ५१.७४ |
| १४ | ३१२०१०१७ | वागवानी विकास केन्द्रहरू | २३१७५ | १०११८ | ४३.६६ | ५३.९३ |

| क्र. सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/ निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १५ | ३१२०१०१८ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १७०४७ | ९१७६ | ५३.८३ | ५८.२३ |
| १६ | ३१२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | १५२४६३ | २८५८७ | १८.७५ | १४ |
| १७ | ३१२०१९०२ | साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम | ३१७३६२.३७८ | १०५०७० | ३३.११ | ३८.९५ |
| १८ | ३१२०१९०३ | स्याउ तथा ओखर विकास कार्यक्रम | २२७०० | ८६७४ | ३८.२१ | ३९.५३ |
| १९ | ३१२०१९०४ | कृषि पुर्वाधार बिकास कार्यक्रम | १४२८०० | ९६१९ | ६.७४ | ९.८८ |
| २० | ३१२०२०११ | पशुपन्छी विकास निर्देशनालय | १४९१२ | १०३४२ | ६९.३५ | ५६.२९ |
| २१ | ३१२०२०१३ | पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू | ११३९२० | ६०६६१ | ५३.२५ | ४८.९४ |
| २२ | ३१२०२९०१ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | १२४९२२ | ३५३८६ | २८.३३ | २४.४४ |
| २३ | ३१२०२९०२ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | ४४००८ | ८६२५ | १९.६ | १२.६६ |
| २४ | ३१२०२९०३ | मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम | ५२०० | ११० | २.१२ | १४.६३ |
| २५ | ३१२९११२० | पशु सेवा विभाग (सङ्घ ससर्त अनुदान) | ४३०० | ४६३ | १०.७७ | ३९.४४ |
| २६ | ३१२९११२१ | कृषि विभाग (सङ्घ ससर्त अनुदान) | १९०२० | २४०८ | १२.६६ | ९.१४ |
| २७ | ३१२९११२३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (सङ्घ ससर्त अनुदान) | १२४५० | १२०४ | ९.६७ | १३.२८ |
| २८ | ३१२९११२४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (सङ्घ ससर्त अनुदान) | १३३१४७ | १८२४५ | १३.७ | ३.७६ |

## १०. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरूः-

- कार्यविधि तर्जुमा तथा संशोधनमा ढिलाई,
- विशेषज्ञ सेवाको दक्ष जनशक्तिको कमी (विशेष गरी एकीकृत कृषि प्रयोगशालातर्फ),
- सवारी साधन अभाव कारणले हिमाली जिल्ला हुम्ला र डोल्पामा कार्यालयबाट संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा जटिलता,
- थ्री-फेज विद्युतको अभावको कारण कोल्ड स्टोर, शीत भण्डार, साना उद्योग लतायतका पूर्वाधार निर्माणका संरचनाहरू सञ्चालन गर्न कठिनाई भएको।

## ११. यस आर्थिक वर्षमा तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू :

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू |
|---|---|
| १ | कर्णाली प्रदेश बिउ बिजन ऐन, २०८१ |
| २ | कर्णाली प्रदेश कृषि विकास रणनीति, २०८१ |
| ३ | कर्णाली प्रदेश जिवानाशक विषादी विधेयक, २०८१ |
| ४ | जलचर संरक्षण सम्बन्धी विधेयक, २०८१ |
| ५ | कर्णाली प्रदेश परागसेचन व्यवस्थापन रणनीति, २०८१ |

## १२. विद्यमान जनशक्तिको अवस्थाः

- स्वीकृत दरबन्दीः ३६२
- पदपूर्ति दरबन्दीः २५४
- रिक्त दरबन्दीः १०८

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## १. पृष्ठभूमि :

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम सङ्घको एकल अधिकार **अनुसूची-५** मा र साझा अधिकार **अनुसूची-७** र ९ मा, प्रदेशको एकल अधिकार **अनुसूची-६** मा र साझा अधिकार **अनुसूची-७ र ९** मा तथा स्थानीय तहको एकल अधिकार **अनुसूची-८** मा र साझा अधिकार अनुसूची ९ मा उल्लिखित विषयमा निहित छ। धारा ५८ मा यस संविधान बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा सङ्घको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने सङ्घलाई प्रदान गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा सातवटा मन्त्रालयहरूको स्थापना गरिएको छ। आठवटा मन्त्रालयहरू मध्येको आन्तरिक मामिला तथा कानुन मन्त्रालय पनि एक हो। साविक सहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतको भवनमा मिति २०७४।१०।१९ गते स्थापना भइ सञ्चालनमा रहेको छ। यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

## २. दीर्घकालीन सोच :

नागरिकको जिउ, ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण एवम् शान्त र सुरक्षित प्रदेश।

## ३. ध्येय :

दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र सूचना प्रविधि विकास, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने।

## ४. रणनीतिक उद्देश्यहरू :

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन गर्ने,
- विपद् व्यवस्थापन तथा प्रदेशस्तरीय सञ्चार क्षेत्रको नियमन गर्ने,
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने,
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानुनहरूको निर्माण गरी लोकतन्त्रको संरक्षण र कानुनी राज्यको स्थापना गर्ने,
- कर्णालीवासीलाई प्रत्यक्ष अनुभूति हुने गरी जवाफदेही र पारदर्शी प्रशासन मार्फत सुशासन कायम गर्नु,
- सङ्घीय र स्थानीय सरकारसँग सम्न्वय, सहकार्य र साझेदारी मार्फत प्रदेशको समृद्धि हासिल गर्नु।

## ५. कार्यक्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घीय सरकारसँगको समन्वय र सहकार्य, |
| २. | अति विशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा। |
| ३. | सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान-प्रदान र समन्वय, |
| ४ | सङ्घीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, |
| ५. | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय, |
| ६. | कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी, |
| ७. | प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी, |
| ८. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ९. | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, |
| १०. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी, |
| ११. | सामुदायिक प्रहरी, |
| १२. | प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन, |
| १३. | प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन, |
| १४. | प्रदेश भित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय, |
| १५. | गुनासो र विवाद व्यवस्थापन, |
| १६. | सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन, |
| १७. | फौजदारी कार्यविधि, कानुनको कार्यान्वयन, |
| १८. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति, |
| १९. | निवारक नजरबन्द र स्थान हद सम्बन्धी, |
| २०. | अन्तरप्रदेश सम्बन्ध, |
| २१. | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान, |
| २२. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय, |
| २३. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २४. | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| २५. | उपाधि, सम्मान तथा विभूषणको सिफारिस, |
| २६. | प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन, |
| २७. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनःस्थापना सम्बन्धी, |
| २८. | सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| २९. | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण, |
| ३०. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन, |
| ३१. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सञ्चालन र नियमन, |
| ३२. | प्रदेश भित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन, |
| ३३. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाईन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन, |
| ३४. | साइबर सुरक्षा अनुगमन, |
| ३५. | छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन, |
| ३६. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण, |
| ३७. | श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, |
| ३८. | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी, |
| ३९. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन, |
| ४०. | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, |
| ४१. | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन, |
| ४२. | सूर्ति, मदिरा र लागूपर्दाथजन्य वस्तुको मापदण्ड नियन्त्रण तथा नियमन, |
| ४३. | अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रूपमा नतोकिएका कार्य। |

## ६. आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्तसम्मको प्रगति विवरण :

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १७० | मानव बेचबिखन, घरेलु हिंसा, लागू औषध, मदिरा एवम् सूर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता हानिकारक र विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। मानव अधिकारको सम्मान, | प्रदेशसुरक्षा गोष्ठी कार्यक्रम सुर्खेतमा, घरेलु हिंसा न्यूनीकरण र लागुऔषध मदिरा एबं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रम दैलेख र सुर्खेत, कारगार कार्यालयका लागि पुस्तक तथा अन्य सामग्री खरिद गरि |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | संरक्षण र प्रवर्द्धन गर्न नागरिकलाई नागरिक शिक्षा तथा चेतनाको विकास गर्न कानुनी साक्षरता कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। बढ्दो विद्युतीय अपराध न्यूनीकरण गर्न साइवर सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु। | सल्यान र सुर्खेत कारागारमा वितरण गरिएको र जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम सुर्खेत कारागारमा सम्पन्न गरिएको छ। |
| १७१ | सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेशभित्रका सुरक्षा निकायको भौतिक पूर्वाधारको सुदृढीकरणमा सहकार्यको व्यवस्था मिलाएको छु। मुख्य सीमा नाकामा अपराध नियन्त्रण गर्न डिजिटल गेट र प्रदेश राजधानी वीरेन्द्रनगर लगायत संवेदनशील स्थानमा सिसिटिभि लगायतका सुरक्षा प्रवन्धका लागि उपकरण जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु। | सुर्खेतको बबईमा डिजिटल गेट र कन्ट्रोलरुम भवन निर्माण, सि.सि. टिभि खरिदका लागि E-bid भैसकेको। |
| १७२ | विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गरिनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्नेलाई प्रोत्साहन तथा पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाएको छु। सङ्घीय सरकार समेतको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। विपद् संवेदनशील क्षेत्रमा विपद् जोखिम नक्साङ्कन गरी सूचना | दैलेख र सुर्खेतमा प्राकृतिक प्रकोप एवं विपत सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | प्रणाली जडान तथा निगरानी केन्द्र स्थापना तथा इन्टरनेट सेवाको वैकल्पिक व्यवस्थापन एवम् आपतकालीन सञ्चार केन्द्र स्थापनाको लागि स्याटलाइट ब्रोड ब्याण्ड व्यवस्थाको लागि आवश्यक प्रबन्ध मिलाएको छु। प्रदेश विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु। | |
| १७३ | जोखिमयुक्त, सङ्कटग्रस्त, दुर्गम, पिछडिएका क्षेत्र तथा न्यून आय भएका नागरिकका लागि विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत घर बीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत रू. ४ करोड ५० लाख विनियोजन गरेको छु। सम्पूर्ण कर्णालीवासी तथा यस प्रदेशमा सेवारत सबै नागरिकको सामूहिक विपद् जोखिम दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु। | विपद् जोखिम विरुद्ध सामुहिक दूर्घटना बीमाका लागि बीमा कम्पनीसँग सम्झौता भएको छ, घर बीमा सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी घर बीमा छनोटका लागि सूचना प्रकाशन भएको छ । |
| १७४ | जनआन्दोलन, सशस्त्र सङ्घर्ष र कर्णाली प्रदेश प्राप्ति आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको जीवन निर्वाह भत्ता र न्यूनतम जिविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमाबुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई | शहिद स्मृति भत्ता २०२६ जना। (६९ स्थानीय तह) र<br>जीवन निर्वाह बिशेष भत्ताः१८१८ जना। (६५ स्थानीय तह) मा रकम वितरणको लागि निकाशा भैसकेको छ । द्वन्द्व पीडित घाईते उपचार कार्यक्रम अन्तर्गत प्रदेश अस्पताल सुर्खेतमा ३९ जनाले निशुल्क उपचार पाएका छन। |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | सहिद स्मृति भत्तासम्बन्धी कार्यक्रमलाई निरन्तरताको लागि रू. ८ करोड ५० लाख बजेट विनियोजन गरेको छु। | |
| १७५ | स्थानीय र प्रादेशिक सञ्चार गृहको प्रवर्द्धनको लागि हाल दिइँदै आएको लोक कल्याणकारी विज्ञापनको रकममा वृद्धि गरेको छु। पत्रकार स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाएको छु। विपद् तथा अन्य जोखिमका कारण क्षति हुने सञ्चार माध्यमको बीमाका लागि सञ्चार माध्यम बीमा कार्यक्रम अन्तर्गत आवश्यक बजेट विनियोजन गरेको छु। सूचना प्रविधि तथा आमसञ्चार क्षेत्रको नियमन तथा व्यवस्थापन गर्न आवश्यक विधेयक तयारी गरी यसै सम्मानित प्रदेशसभामा पेस गरिनेछ। पत्रकारिता तथा आमसञ्चार विषयमा छात्रवृत्ति, पुरस्कार र क्षमता अभिवृद्धि लगायतका कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिएको छु। | लोक कल्याणकारी विज्ञापनमा ११२ संचार माध्यमबाट विज्ञापन भइ रहेको, सार्वजनिक प्रसाण सेवा (रेडियो नेपाल प्रादेशिक कार्यालय सुर्खेत) वाट खस भाषामा समाचार प्रसारणको क्रममा रहेको छ। अन्य कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्। |
| १७६ | विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन एक जिल्ला एक वायर हाउस निर्माण कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छु। विपद् प्रतिकार्य, खोज र उद्धार कार्यको लागि विपद्सँग सम्बन्धित अत्यावश्यक सामग्रीको अभाव नहुने प्रबन्ध मिलाएको छु। | विपद्सँग सम्बन्धित अत्यावश्यक सामग्री खरिदको लागि E-bid भएको। |

## ७. आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

- सुर्खेतमा प्रहरी भर्ना, छनोट कार्य सुरु गरिएको,
- ६९ स्थानीय तहका २०२६ जनालाई शहिद स्मृति भत्ता वितरणको व्यवस्था गरिएको,
- ६५ स्थानीय तहका १८१८ जनालाई जीवन निर्वाह बिशेष भत्ता वितरणको व्यवस्था गरिएको,
- लोक कल्याणकारी विज्ञापनमा ११२ संचार माध्यमबाट विज्ञापन भइ रहेको,
- सार्वजनिक प्रसाण सेवा (रेडियो नेपाल प्रादेशिक कार्यालय सुर्खेत) बाट खस भाषामा समाचार प्रसारणको क्रममा रहेको,
- २०८१ साल असोज महिनाको बाढी प्रभावितलाई राहत स्वरूप केन्द्रिय राहत कोषमा रु ५० लाख सहयोग गरेको,
- कालिकोटका अनिल बटालालाई हवाई उडानबाट उद्धार गरिएको बाफत रू. २००६९१.३४ भुक्तानी भएको,
- कर्णाली प्रदेशमा घर बीमाको कार्यक्रम सुरु गरिएको,
- विपद् व्यवस्थापन कोषमा रू. ५,६१,०००।- जम्मा गरिएको,
- विपद् राहत सामग्री खरिदका लागि E-bid भैसकेको,
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) अध्यावधिकको चरणमा रहेको,
- पत्रकारिता बीमा कार्यक्रमको सुरुवात गरिएको,
- संविधान दिवस, शहिद दिवस, प्रदेश स्थापना दिवस लगायतका विभिन्न दिवस मनाइएको,
- प्रदेश सुरक्षा गोष्ठी कार्यक्रम सुर्खेतमा मंसिर २४ गते सम्पन्न भएको,
- सुरक्षा निकायका पदाधिकारीसँग मिति २०८१/०८/२२ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- घरेलु हिंसा न्यूनीकरण र लागुऔषध मदिरा एवं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रम वीरेन्द्रनगर सुर्खेत र दैलेखमा सम्पन्न गरिएको,
- मर्यादित यातायात सेवाका लागि सरोकारवालासँग मुख्यमन्त्री तथा मन्त्रिपरिषदको सभाहलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको,

- द्वन्द्वपीडित घाईते उपचार कार्यक्रम अन्तर्गत प्रदेश अस्पातलसँग सम्झौता भइ कर्मचारी नियुक्ति गरी  कर्णाली प्रदेश अस्पताललाई रकम अख्तियारी दिई सेवा प्रवाह भइरहेको,
- प्रदेश मन्त्रालय र स्थानीय तहका प्रवक्ता, सूचना अधिकारीबीच अन्तरक्रिया कार्यक्रम मिति २०८१।९।२६ मा भएको,
- रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम सञ्चालन रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र सुर्खेतसँग सम्झौता भइ कार्यान्वयन भइरहेको,
- प्रादेशिक पत्रकारिता पुरस्कार भाद्र ४ गते प्रदेश स्थापना दिवसमा सम्पन्न भएको,
- सुर्खेतको बबईमा डिजिटल गेट र कन्ट्रोलरुम निर्माण गरिएको,
- रोयल्टी, सेवाशुल्क, रेडियो/एफ.एम रेडियो नविकरण, बेरुजु फर्स्योट जस्ता विषयवाट रू. ४,५३,१००/- राजस्व प्राप्त भएको।

## ८. सम्पादनमा देखिएका समस्या तथा कारणहरूः

- नेपाल सरकार र प्रदेश कार्यक्रम कार्यान्वयनमा समन्वय, सहकार्यको कमी रहने गरेको,
- पुर्वसम्भाव्यता अध्ययन र तयारी विनाका आयोजना कार्यक्रममा बजेट प्रस्ताव हुने गरेको,
- विपद् व्यवस्थापनमा सबै विषयगत मन्त्रालय तथा क्षेत्रहरूले अपनत्व नभएको,
- सार्वजनिक खर्चको मापदण्ड लचिलो नहुँदा कार्यक्रम कार्यान्वयनमा प्रक्रियागत जटिलता उत्पन्न भएको।

## ९. आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण

*(रू. हजारमा)*

| व.उ.शि.नं. | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १७७२४९ | ९८३७८ | ७१.७० |
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३८६८४ | ५२३९ | १३.१४ |
| | **कुल जम्मा** | **२१५९९७** | **१०३६१७** | **४७.९९** |

***स्रोतः*** *आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा विनियोजित बजेट र चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्था :

*(रू. हजारमा)*

| व.उ.शि.नं. | बजेट उपशीर्षक तथा कार्यक्रम | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २५२३०० | १२५१५४.०१६ | ४९.६ | ३६.०३ |
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४४१४० | ३१८३.७०५ | ७.२१ | २२.८ |
| | कुल जम्मा | २९६४४० | १२८३३७.७२१ | ४३.२९ | २९.३७ |

## ११. यस आर्थिक वर्षमा तर्जुमा भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | कर्णाली प्रदेश प्रहरी ऐन, २०८१ |
| २ | सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१ |
| ३ | द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०८१ |
| ४ | घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१ |
| ५ | कर्णाली प्रदेश विज्ञापन वितरण कार्यविधि, २०८१ |
| ६ | कर्णाली प्रदेश विपद् साहसिक उद्धार पुरस्कार कार्यविधि, २०८१ |
| ७ | घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ |
| ८ | मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ |
| ९ | विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ |

## १२. विद्यमान जनशक्तिको अवस्था

- स्वीकृत दरबन्दी : ३८
- पदपूर्ति दरबन्दी : ३१
- रिक्त दरबन्दी : ७

# भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

## १. पृष्ठभूमि

नेपालको संविधान लागू हुनुपूर्व विभिन्न सङ्घीय मन्त्रालयबाट सम्पादन हुँदै आएका कार्यक्रम संविधान लागु भएपछि सङ्घ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुने संवैधानिक व्यवस्था छ। सङ्घ र प्रदेशको साझा अधिकारको सूची, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्यजिम्मेवारीमा राखिएको छ। कार्य क्षेत्रानुसार प्रदेश स्तरको प्रदेश लोकमार्ग तथा यातायात व्यवस्थापन, प्रदेशस्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत–सम्भार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तर्जुमा गरी यस मन्त्रालयद्वारा सम्पादन भइरहेको छ। भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत–सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्गनिर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुने गर्दछन्।

## २. दीर्घकालीन सोचः

- सडक पूर्वाधार र यातायातको विकासमार्फत प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने,
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित सहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि हासिल गर्ने,
- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकास कार्यक्रम मार्फत दिगो विकास गर्ने।

## ३. ध्येयः

- वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास तथा यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप बिस्तार गर्ने,
- सडक सञ्जालको सन्तुलित विकास गरी कनेक्टिभिटी वृद्धि गर्ने,

- सङ्घ र प्रदेशहरू, प्रदेश र प्रदेशहरू, प्रदेश र स्थानीय तहहरू बिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध बिस्तार गर्ने,
- सडक पूर्वाधारको उचित मर्मत–संभार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने,
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउर्ने,
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिकरूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने,
- शहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा बिस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सहरी पूर्वाधारको संस्थागत विकास गर्ने,
- सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने गराउने,
- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने गराउने,
- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत–सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्ने।

## ४. रणनीतिक उद्देश्यः-

- प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्र, स्थानीय तहका केन्द्रबाट वडा केन्द्र र बस्तीसम्म साविक सडक सञ्जालको स्तरोन्नति र नयाँ सडकको निर्माण तथा विस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने,
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा विस्तार गर्ने,
- आयोजनाको मर्मत–सम्भार, पुनःस्थापना तथा सेवाको गुणस्तर अभिवृद्धि गरी दिगो सेवा उपलब्ध गराउने,
- संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने,

- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने। विद्यमान सहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने,
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माणका लागि एकीकृत बस्ती विकास गरी भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित बासस्थानमा स्थानान्तरण गर्ने।

## ५. कार्यक्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड, र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन, |
| २. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, |
| ३. | प्रदेशभित्रको यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर, भाडा दर निर्धारण र अनुगमन तथा नियमन, |
| ४. | वातावरणमैत्री, अपाङ्गतातामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन, |
| ५. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, |
| ६. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन, |
| ७. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन, |
| ८. | प्रदेशस्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ९. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन, |
| १०. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन, |
| ११. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १२. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण, |
| १३. | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, |

## ६. आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्त सम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| ८४ | कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि पहिचान भएका प्रदेश लोकमार्ग तथा अन्य मार्गहरूको प्राथमिकीकरण सहित प्रादेशिक सडक गुरुयोजना तयार गरिनेछ। गुरुयोजना अनुसार सडकहरूको प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | गुरुयोजना तयार भइ स्वीकृति भएको छ । अब उन्नत गुरुयोजना अनुसार नै प्राथमिकताको आधारमा योजना तथा कार्यक्रम तर्जुमा हुने। |
| ८५ | अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाइनेछ। यस अन्तर्गतका मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, कालिकोट-लालु-लैफु-कोटवाडा-राष्कोट-रामारोशन सडक, रारा-सेरी-सुकाढिक-धुराचौर-बाजुरा सडक र सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी-काप्रेचौर-खर्कवार-कोहलपुर सडक निर्माण तथा स्तरोन्नति गरिने। | मुलपानी-रानीघाट-तेलपानी -भुरीगाउँ सडक निकुन्ज क्षेत्र भित्र पर्ने भएकाले वन क्षेत्रमा काम गर्न स्वीकृतिको प्रकृयाले ढिलाइ भएको। अरू आयोजनाहरूको काम सूचारु रहेको। |
| ८६ | विश्व बैङ्कको सहयोगमा सञ्चालन हुने प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत प्रादेशिक सडक सञ्जालको स्तरोन्नति कार्यका लागि प्रथम | डुङ्गेश्वर-डाँडापराजुल सडक दैलेख सडक सम्झौता भइ निर्माण कार्य सुरू भएको। गल्फागाड - थाडाँकाटे |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | चरणको रूपमा डुङ्गेश्वर-डाँडापराजुल सडक डुङ्गेश्वर दैलेख र गल्फागाड-थाडाँकटे अदानचुली हुम्ला सडक स्तरोन्नति। | अदानचुली हुम्ला सडक स्तरोन्नतिको खरिद प्रकृयामा गएको। |
| ८७ | कर्णाली प्रदेशभित्रका हालसम्म पनि सडक सञ्जालसँग जोडिन बाँकी रहेका स्थानीय तहहरूको केन्द्र जोड्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरेको छु। प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत कालिकोटको महावै गाउँपालिका र डोल्पाको छार्कातासेङ् गाउँपालिका केन्द्रलाई सडक सञ्जालसँग जोड्ने सडक निर्माण। | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत कालिकोटको महावै गाउँपालिकाको लागि लागत अनुमान तथा वातावरणीय अध्ययन स्वीकृतिको चरणमा रहेको तथा डोल्पाको छार्काताङ्सेङ् गाउँपालिका केन्द्रलाई सडक सञ्जालसँग जोड्ने सडक निर्माणको लागि लागत अनुमान भेरिफिकेसन तथा वातावरणीय अध्ययन कार्य भएको। |
| ८८ | एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल आयोजना अन्तर्गत खरिद प्रकृया सम्पन्न भइ निर्माण कार्य सुरू हुन लागेका मोर्क-चङ्खिला-बडावन-सानाखोला सडक जाजरकोट,दशरथपुर-डाँडागाउँ-जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक सुर्खेत, चौरजहारी-नार्जी-खोलागाँउ-चौथा-बैरागीठाँटी-मुसिकोट सल्ले सडक निर्माण। | तीनवटै आयोजनाहरूमा तीव्र गतिमा काम भइरहेका छन्। क्रमश: २३, २३ र ३४.४ प्रतिशत भौतिक प्रगति भएको छ । |
| ८९ | स्थानीय तहको केन्द्रदेखि मौजुदा मुख्य सडक सञ्जाल वा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माणलाई उच्च प्राथमिकता दिइ बजेट विनियोजन गरेको छु। बालुवासंग्रही-कुपिण्डे-खलङ्गा सडक र चिसापानी-राडी- | दुवै आयोजना चालु आर्थिक वर्षमा सम्पन्न हुने क्रममा रहेका। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | नदुवा-मुसिकोट सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु। | |
| ९० | रुकुम पश्चिम जिल्लाका दुर्गम क्षेत्रका बाँफिकोट र आठबीसकोट पालिकालाई सडक सञ्जालले जोड्न राडी-दाजे-खदि-बारङ्गे सडक निर्माण तथा भेडाखेत-पुरानागाउँ-स्याला-आलिगैरा-डारुगाउँ सडक स्तरोन्नति। | राडी-दाजे-खदी-बारङ्गे सडकको सम्झौताको चरणमा रहेको तथा भेडाखेत-पुरानागाउँ-स्याला-आलिगैरा-डारुगाउँ सडक स्तरोन्नति कार्य भईरहेको। |
| ९१ | प्रदेश रणनीतिक महत्वको रूपमा रहेका बड्डीचौर-बिग्रेनी-बाबियाचौर- विद्यापुर सडक, माथिल्लो डुङ्गेश्वर-दुल्लु-ब्याउली-कालिकोट सडक, घाटगाउँ-गुटु-साल्म-कोरालावास-कुल्लीमोर सडक, हुड्के-व्यूरेनी-माझघाट-चेपाङ-जामु सडक र थारमारे-वडागाउँ-चौरजहारी सडक निर्माण। | यी सबै सडकहरूमध्ये धेरैमा पछिल्लो चरणमा समस्या समाधानको भरमग्दुर प्रयास गरी निर्माण कार्य भएको। |
| ९२ | खार्पुनाथ-टापुलेख सडक, त्रिवेणी-नर्क-सर्मी-भालुलेक-जुम्ला सडक, जुम्ला-दानसाँघु-चोत्र-काइगाउँ-डोल्पा सडक, देवस्थल-कैनकाँडा-चौरजहारी-डोल्पा सडक, धरमपोखरा-अवलचिङ-रानीवास-जितेजुवा-रहकुल-वादासाल सडक, थारमारे-बडागाउँ-चौरजहारी सडकको संरचना निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ। | खार्पुनाथ-टापुलेख सडक-८५ प्रतिशत, त्रिवेणी-नर्क-सर्मी-भालुलेक-जुम्ला सडक-७० प्रतिशत, जुम्ला-दानसाँघु-चोत्र-काइगाउँ-डोल्पा सडक-६० प्रतिशत, देवस्थल-कैनकाँडा-चौरजहारी-डोल्पा सडक-८० प्रतिशत, धरमपोखरा-अवलचिङ-रानीवास-, जितेजुवा-रहकुल-वादासाल सडक-८५ प्रतिशत, थारमारे-बडागाउँ-चौरजहारी-७५ प्रतिशत प्रगति भएको। |
| ९३ | आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सुर्खेत जिल्लाको मुख्य पर्यटकीय केन्द्रको रूपमा रहेको गोठिकाँडा क्षेत्रको यातायात | खरिद कार्य सम्पन्न भइ सम्झौताको चरणमा रहेको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | पहुँचलाई सुधार गर्न छेडा-गढी-लेखगाउँ-श्रीचौर-कल्यानकाँध सडक निर्माण। | |
| ९४ | अन्तर जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेको छु। त्रिपुराकोट-छ्ल हुँदै मौरेलेक सम्मको सडक निर्माणको। | त्रिपुराकोट-छ्ल हुँदै मौरेलेक सम्मको सडक निर्माणको सम्झौताको चरणमा छ भने जुम्ला-गच्छेसाँगु-जलजला-गोठिज्यूला सडकको निर्माण कार्य चालु छ |
| ९५ | सडक सञ्जाललाई सबै नागरिकको सहज पहुँच पुर्‍याउन स्थानीय तहको केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु। | काम भइरहेको। |
| ९६ | राष्ट्रिय गौरव र कर्णाली प्रदेशको रणनीतिक महत्वको रूपमा रहेको कर्णाली राजमार्गको स्तरोन्नती तथा कर्णाली र भेरी कोरिडोर सडक आयोजनालाई तदारुकताका साथ कार्यान्वयन गर्न सङ्घ सरकारसँग आवश्यक समन्वय गरिनेछ । | कार्य सुरू भएको। |
| ९७ | कर्णाली प्रदेशमा हुन गइरहेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई मध्यनजर गरी रङ्गशाला आसपासका सडकहरू कालोपत्रे गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु । | कार्य सम्पन्न भएको। |
| ९८ | वर्षेनी वर्षातको समयमा डुबानबाट समस्याग्रस्त सुर्खेत बीमानस्थल वरपरका क्षेत्रको डुबान समस्या समाधान गर्न बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन हुने गरी सुर्खेत बीमानस्थल ढल व्यवस्थापन र सडक स्तरोन्नति। | कार्य सम्पन्नको अन्तिम चरणमा छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| ९९ | पूर्वाधार निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न प्रदेश राजधानी वीरेन्द्रनगरमा पूर्वाधार विकास निर्देशनालय अन्तर्गत रहने गरी सुविधा सम्पन्न गुणस्तर परीक्षण प्रयोगशाला निर्माण कार्य सम्पन्न भएको छ। अन्य पूर्वाधार विकास कार्यालयहरूमा पनि गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु। | सुर्खेत बाहेकका जिल्लाहरूमा पनि ल्याव स्थापना गर्ने क्रममा रहेको। |
| १०० | बहुवर्षीय तथा स्रोत सुनिश्चितता भइ कार्यान्वयनमा रहेका तथा दायित्व सृजना भएका आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न गर्न प्राथमिकताका साथ आवश्यक बजेट विनियोजन गरेको छु। | तोकिएको समयभित्र सम्पन्न गर्न भरमग्दुर प्रयास गरिएको छ। |
| १०१ | कार्यान्वयन भइरहेका प्रदेशस्तरीय सडकहरूमा आवश्यकता अनुसार सडक पुल निर्माणलाई प्राथमिकता दिइनेछ। सडक पुल निर्माण। | गत आ.व. हरूमा खरिद प्रकृयामा रहेका ७ वटा पुल यस आ.व. को हालसम्मको अवधिमा सम्पन्न भएका छन् यस आ.व.मा पक्की पुल ८ बेलिब्रिज ५ गरी १३ वटा पुलको स्रोत सुनिश्चितता भइ खरिद तथा निर्माणको चरणमा छन् । |
| १०२ | प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका शहरहरूका सडकहरूमा सडक सुरक्षाको लागि आवश्यक सडक सङ्केत, मुख्य मुख्य चोकहरूमा ट्राफिक सङ्केत राख्न आवश्यक रकम विनियोजन गरेको छु। | ट्राफिक सङ्केत राख्ने तथा रोड मार्किङ गर्ने काम भइरहेको छ। |
| १०३ | भौगोलिक रूपले विकट र दुर्गम स्थानहरूका जनताको सेवा पहुँचमा सहजता एवम् सुधार गर्न झलुङ्गे पुलको महत्वपूर्ण भूमिका रहेको | ७ वटा पुल सम्पन्न भएको ३८ वटा क्रमागत तथा ४० वटा नयाँ झलुङ्गे |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | सन्दर्भलाई मध्यनजर गर्दै सङ्घ र स्थानीय तहसँगको सहकार्य गरी आधा घण्टाको हिँडाई दुरी भित्र पहुँच सुविधा पुऱ्याउने गरी झलुङ्गे पुल निर्माण। | पुलको स्रोत सुनिश्चितता लिइ निर्माण कार्य भइरहेको। |
| १०४ | सुर्खेत र रुकुम पश्चिम जिल्लामा सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालनका लागि ट्रायल सेन्टर निर्माण गर्न तथा जुम्ला जिल्लामा रहेको ट्रायल सेन्टर मर्मत गर्न आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशमा नै सवारी चालक अनुमतिपत्र छपाई तथा वितरणको लागि आवश्यक रकम विनियोजन गरेको छु। | यस आ.व.भित्रमा सबै कार्यालयहरूमा आफ्नै ट्रायल सेन्टरबाट परीक्षा सन्चालन हुने गरी काम भइरहेको। |
| १०५ | निर्माण सम्पन्न भएका पूर्वाधारहरूबाट उपलब्ध भइरहेको सेवा र सुविधाको स्तर खस्किनबाट जोगाउन र निर्मित संरचनाको संरक्षण गर्न नियमित तथा आकस्मिक मर्मत सम्भारको लागि पर्याप्त बजेट विनियोजन गरेको छु। | मर्मत सम्भार कार्य भइरहेको। |
| १०६ | भुकम्पबाट प्रभावित जिल्लाका स्थानीय तहहरूमा हेल्भेटास नेपालको सहकार्यमा सञ्चालन भइरहेको सिप तथा पुनर्निर्माण परियोजनालाई निरन्तरता दिएको छु। भुकम्प प्रतिरोधी आवास निर्माणका लागि दक्ष कामदार तयार गर्न आवश्यक भुकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिमलाई प्रदेशका अन्य जिल्लाहरूमा पनि क्रमशः सञ्चालन गरिनेछ। भुकम्प प्रभावित | हालसम्म ५० कार्यदिने २० वटा तालिम सम्पन्न भइ ३०० जनाले सीप सिकेका। ३० नमूना घर तालिमकै दौरानमा निर्माण १२० जनालाई सीप परीक्षणमा सहभागी गराएकोमध्ये ६५ जना उत्तीर्ण तथा ४० जनाको नतिजा प्रकाशनको क्रममा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | जिल्लाहरू जाजरकोट र रुकुम पश्चिमका सरकारी भवनहरूको मर्मत सम्भार। | |
| १०७ | छरिएर रहेको एवम् जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु। सङ्घ तथा प्रदेश सरकारको सह-लगानीमा मानसरोवर तथा कैलाश प्रवेशद्वारको रूपमा हुम्लाको सदरमुकाम सिमकोटलाई विकास गरी पर्यटन प्रवर्द्धन गर्न खार्पु-सिमकोट (मानसरोवर प्रवेशद्वार) नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम सिमकोट हुम्ला र डोल्पाको शे-फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन बस्ती रिमोलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गरी प्राकृतिक तथा धार्मिक पर्यटन केन्द्रको रूपमा विकास गर्न रिमो बस्ती विकास कार्यक्रम। | हुम्लाको खरिद प्रकृया सम्पन्न भइ सम्झौता भइसकेको छ भने डोल्पाको मूल्याङ्कनको चरणमा रहेका |
| १०८ | कर्णाली प्रदेशभित्रका विपन्न बादी, गाइने, राउटे, बोटे, राजी, दलित, मुसलमान तथा लोपोन्मुख र अति सीमान्तकृत जाती वा समुदाय एवम् अन्य जाती वा समुदायका विपन्न वर्गलाई आवासको व्यवस्था गर्न विपन्नको घर कार्यक्रमलाई निरन्तरताको लागि आवश्यक रकम विनियोजन गरेको छु। | निरन्तर निर्माण भइरहेको २०८१ को चैत्र मसान्तसम्म ७७ आवास एकाई निर्माण सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १०९ | सङ्घीय सरकारको सहकार्यमा दलित, विपन्न र सीमान्तकृत तथा अल्पसंख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न सञ्चालित जनता आवास कार्यक्रमलाई निरन्तरता दिएको छु। | निरन्तर निर्माण भइरहेको २०८१ चैत्र मसान्त सम्ममा २१६ आवास एकाई निर्माण सम्पन्न। |
| ११० | प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वीरेन्द्रनगर सुर्खेतलाई स्वच्छ सुन्दर र व्यवस्थित शहरको रूपमा विकास गर्दै लगिनेछ। प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण। | लागत अनुमान तयारी तथा जग्गा प्राप्तिको चरणमा रहेको। |
| १११ | सार्वजनिक भौतिक संरचना सुरक्षित, व्यवस्थित, वातावरणमैत्री बनाइनेछ। अपाङ्गता भएका व्यक्तिमैत्री भवन निर्माणका साथै भवनसँग सम्बन्धित कानुन तथा भवन संहिता निर्माण गरी कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु। | आवश्यक तयारी गरिएको। |
| ११२ | छरिएर रहेको एवम् जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत तथा सुरक्षित बस्ती विकास कार्यक्रमलाई निरन्तरता। | बस्ती छनोटको चरणमा रहेको। |
| ११३ | गत वर्ष कार्तिक महिनामा जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाका क्षतिग्रस्त स्वास्थ्य तथा शिक्षण संस्था लगायतका पूर्वाधार संरचनाहरूको पुनर्निर्माण। | रूकुम सल्यान र जाजरकोटमा ६२ विद्यालय र १८ स्वास्थ्यचौकी गरी ८० सार्वजनिक संस्था पूनर्निर्माण हुँदै। |

## ७. आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- प्रादेशिक सडक सन्जाल गुरुयोजना कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भएको छ। उक्त गुरुयोजनाका आधारमा क्रमशः वातावरणमैत्री र अपाङ्गतामैत्री सडक आयोजनाहरू कार्यान्वयन गरिने,
- सडक सञ्जालमा नजोडिएका स्थानीय तहका केन्द्रलाई राष्ट्रिय तथा प्रादेशिक सडक सञ्जालसँग जोड्ने प्रयाश भएको। सर्वयाम यातायात सञ्चालनकालागि सडकहरूलाई क्रमशः स्तरोन्नति गर्नुका साथै सडक यातायातलाई सुरक्षित, भरपर्दो र दिगो बनाइ बाह्रै महिना सञ्चालन गर्न नियमित मर्मतसम्भार र स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको,
- आधा घण्टाको हिंडाइ दूरीभित्र पहुँच सुविधा पुर्याउने गरी झलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको छ। हालसम्म १२ वटा झलुङ्गे पुल र ७ सडक पुल निर्माण सम्पन्न भएका छन्। ४१ वटा झलुङ्गे पुल तथा १२ झलुङ्गे पुल चालु आ.व.मा खरिद सहमति भएको,
- भूकम्प प्रभावित जाजरकोट, रुकुमपश्चिम र सल्यान जिल्लाका क्षति भएका सार्वजनिक विद्यालय तथा हेल्थपोष्टहरूको पूनर्निर्माणको कार्य भइरहेको,
- प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माणको लागि डिजाइन सम्पन्न भइ अन्य आवश्यक डकुमेन्ट तयार भइरहेको,
- सडक सुरक्षा कार्यक्रमका लागि सहरी सडकहरूमा सडक मार्किङ सडक सुरक्षा कार्यक्रम सन्चालन, सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षालाई व्यवस्थित गर्न प्रदेश सरकारको लगानीमा चौरजहारीमा ट्रायल सेन्टर निर्माण सम्पन्न गर्ने कार्य भएको,
- वाढीको कारण क्षति भएका सडकहरूको तत्काल मर्मत गरी यातायात सेवा सुचारु गर्ने कार्य गरिएको,
- प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०८१ कर्णाली प्रदेश सभाबाट स्वीकृत भइ कार्यान्वयनमा आएको,
- वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत गर्ने कार्य भएको छ।

## ८. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

(रू. हजारमा)

| अनुदान संख्या | मन्त्रालय | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९९७८७८९ | ५१४६९७७ | ५१.५८ |
| | जम्मा | ९९७८७८९ | ५१४६९७७ | ५१.५८ |

*स्रोतः आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा विनियोजित बजेट र चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थाः

(रू. हजारमा)

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/ कार्यालय/ निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३३७०००११३ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ५६९५४ | २१८३७ | ३८.३३ | ४२.२८ |
| २ | ३३७००९०२३ | ग्रामिण सडक सञ्जाल सुधार आयोजना | १५४०० | ५३१९ | ३४.५४ | ० |
| ३ | ३३७००९०३३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना | २१३०० | ५९६५ | २८ | २४.२९ |
| ४ | ३३७९११२८३ | ग्रामिण सडक सञ्जाल सुधार आयोजना (ससर्त) | १३२५१ | २०३१ | १५.३३ | १५.१७ |
| ५ | ३३७९११३३३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (ससर्त) | १००० | ११० | ११ | २४.२९ |
| ६ | ३३७०१०११३ | पूर्वाधार विकास निर्देशनालय | २६००० | १५८४७ | ६०.९५ | ६१.२२ |

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/ कार्यालय/ निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७ | ३३१०१०१२३ | पूर्वाधार विकास कार्यालयहरू | ११०३०० | ७११५२ | ६४.५१ | ६१.४८ |
| ८ | ३३७०२०११३ | यातायात व्यवस्था | १८००० | १०००२ | ५५.५७ | ५३.६ |
| ९ | ३३७०२०१२३ | यातायात सेवा कार्यालयहरू | २५००० | १५९२५ | ६३.७० | ५१.५१ |
| १० | ३३७०००११४ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ३५७०० | २०४२ | ५.७२ | ०.७ |
| ११ | ३३७००९०२४ | ग्रामिण सडक सञ्जाल सुधार आयोजना | १३२४२५ | ४७२९९ | ३५.७२ | ० |
| १२ | ३३७००९०३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना | १५५७०० | ४३७ | ०.२८ | ० |
| १३ | ३३७०१९०३४ | सडक लगायतका पूर्वाधारहरू मर्मत | १००० | ० | ० | ४५.१३ |
| १४ | ३३७०१९०४४ | सरकारी भवन तथा आवास निर्माण मर्मत | २०३०० | ० | ० | २५.१५ |
| १५ | ३३७०१९०९४ | जनता आवास विपन्न घर तथा एकीकृत बस्ती विकास | ५०००० | ० | ० | ४.१९ |
| १६ | ३३७९११२८४ | ग्रामिण सडक सञ्जाल सुधार आयोजना (ससर्त) | ९१३७८७ | ३२५९८४ | ३५.६७ | ० |
| १७ | ३३७९११३३४ | प्रादेशिक तथा स्थानीय सडक | ७०१००० | १९३६२ | २.७६ | ० |

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/ कार्यालय/ निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सुधार आयोजना (ससर्त) | | | | |
| १८ | ३३७०१०११४ | पूर्वाधार विकास निर्देशनालय | १६००० | १३४६ | ८.४१ | ११.१९ |
| १९ | ३३१०१०१२४ | पूर्वाधार विकास कार्यालयहरू | १९५०० | ५२८६ | २७.११ | ७७.९७ |
| २० | ३३७०१९०१४ | राजधानी एकीकृत पूर्वाधार | ३८८००० | ५१७३२ | १३.३३ | ० |
| २१ | ३३७०१९०२४ | झलुङ्गे पुल | २०५००० | ३८४२७ | १८.७४ | २३.७२ |
| २२ | ३३७०१९०३४ | सडक लगायतका पूर्वाधारहरू मर्मत | ३९५०० | २२२५६ | ५६.३४ | ० |
| २३ | ३३७०१९०४४ | सरकारी भवन तथा आवास निर्माण मर्मत | ६५०००० | ९०१८८ | १३.८८ | ० |
| २४ | ३३७०१९०६४ | समपूरक | २४००००० | ४९५९४१ | २०.६६ | २६.०९ |
| २५ | ३३७०१९०७४ | सडक मोटरेवल पुल | ६८९७०० | १५६६५६ | २२.७१ | १३.७४ |
| २६ | ३३७०१९०८४ | सडक निर्माण | ३४०७३१२ | १११८४७७ | ३२.८३ | २६.९६ |
| २७ | ३३७०१९०९४ | जनता आवास विपन्न घर तथा एकीकृत बस्ती विकास | १७२००० | ४०६४८ | २३.६३ | ४.१९ |
| २८ | ३३७९११२३४ | स्थानीय स्तरका सडक (ससर्त) | १७८०० | १८९७७ | २६.०७ | २०.२३ |
| २९ | ३३७९११२९४ | आवास व्यवस्था (ससर्त) | ७४५०० | २६०३९ | ३४.९५ | ९.१३ |
| ३० | ३३७९११३०४ | झलुङ्गे पुल (ससर्त) | ८००० | ० | ० | १०० |
| ३१ | ३३७०२०११४ | यातायात व्यवस्था | १२५०० | १०७९ | ८.६३ | १.२९ |

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/ कार्यालय/ निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३२ | ३३७०२०१२४ | यातायात सेवा कार्यालयहरू | ४५०० | ३०३७ | ६७.४९ | ५२.६ |
| कुल जम्मा | | | १०४६५४३९ | २६१३४०१ | २४.९७ | |

## १०. बजेट कार्यान्वयनमा देखिएका समस्याहरू:

- ६०% प्राविधिक पदहरू रिक्त रहनु र दरबन्दी अनुसार कर्मचारी पदपुर्ति हुन नसक्नु,
- सङ्घ, प्रदेश तथा स्थानीय तह बीचमा समन्वयको कमिले दोहोरोपना (Duplication) हुने र कार्यान्वयन गर्न जटिलता उत्पन्न भएको,
- राष्ट्रिय निकुञ्ज सम्बन्धी कार्यविधिमा भएको अफठ्याराका कारण निकुञ्ज क्षेत्रमा विकास निर्माणका कामहरु गर्नमा समस्या,
- गुणस्तर परिक्षण प्रयोगशाला नहुँदा जोखिम मोलेर निर्माणाधिन आयोजनाहरूको मूल्याङ्कन गर्नुपर्ने वाध्यकारी अवस्था रहेको,
- बहुवर्षीय आयोजनाहरूमा स्रोत सुनिश्चितता गरेको रकमलाई भन्दा नयाँ आयोजनाहरूमा रकम विनियोजन गर्ने प्रवृत्ति सुधार गर्न नसकिनु,
- खरिद प्रकृया लामो तथा झन्झटिलो हुनु,
- भौगोलिक अवस्थिती, निर्माण सामग्रिको आपुर्ति सहज नहुनु ,
- वेरुजुको मात्रा बढ्दै जानु।

## ११. बजेट कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू:-

- कार्यक्रम, कार्य प्रकृति, कार्यबोझ तथा भूगोल सुहाउदो सँगठन निर्माण गर्न सङगठन व्यवस्थापन सम्बन्धि कार्य गर्नुपर्ने,
- न्युन बजेट भएका आयोजनाहरूमा बजेट विनियोजन गरी समयमै सम्पन्न गर्ने,
- अन्तर मन्त्रालय समन्वय कार्य प्रभावकारी गर्नुपर्ने,
- बजेट व्यवस्थापन र बिकास व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्य योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,
- आयोजना बैङ्कमा योजनाहरु शोकेसमा राखी कन्सेप्ट पेपर समेत वेभसाइट तथा पोर्टलमा राख्ने व्यवस्था गर्ने,

- योजना छनोट गर्दा Bottom Up Approach अवलम्बन गर्ने,
- आयोजनाहरूमा रकमान्तर र स्रोतान्तर समयमै गर्ने,
- Material Testing Lab स्थापना गर्नुपर्ने।

## १२. यस आर्थिक वर्षमा मन्त्रालयबाट उठान भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदिः

| क्र.सं. | स्वीकृत भएका ऐन/कार्यविधि/नीतिहरू |
|---|---|
| १ | कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन |
| २ | कर्णाली प्रदेशको प्रादेशिक सडक सन्जाल गुरुयोजना |
| ३ | सडक तथा सडक पुलको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी परामर्श सेवाको नर्म्स |

## १३. विद्यमान जनशक्तिको अवस्थाः

- स्वीकृत दरबन्दी-२२१
- पदपूर्ति दरबन्दी- १२२
- रिक्त दरबन्दी- ५३
- करार सेवाः- ४६

# सामाजिक विकास मन्त्रालय

## १. पृष्ठभूमि:

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरबन्दी स्वीकृत भएको। हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालय, ९ सामाजिक विकास कार्यालय, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश सङ्ग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालय र कुल ११३६ स्वीकृत दरबन्दी रहेका छन्। यस मन्त्रालयमा प्रदेश सचिव (रा.प. प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरबन्दी रहेको छ।

## २. दीर्घकालीन सोच:

कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तीकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरी कर्णालीवासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

## ३. ध्येय:

- कर्णालीवासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने,
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,

- उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगारउन्मुख मानव संशाधन विकासमा जोड दिने,
- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्बर्द्धन गर्ने ।

## ४. रणनैतिक उद्देश्यः

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,
- आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सिपयुक्त, जीवनपयोगी, रोजगारमूलक र उत्पादनमूलक बनाउने,
- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोज तथा अनुशन्धानमूलक, उद्यमशील बनाउँदै आत्मनिर्भर नागरिक तयार गर्ने,
- बालअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,
- विकासका आयामहरूमा अपाङ्गता भएका व्यक्तिमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, लैङ्गिकमैत्री रणनीति अवलम्बन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा बञ्चितीकरणमा परेका जोखिमयुक्त वर्ग तथा समुदायको उत्थान गर्ने,
- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वावलम्बी बनाउँदै कर्णाली विकासको संवाहक शक्तिको रूपमा विकास गर्ने,
- कर्णाली प्रदेशमा नै काम गर्ने र लगानी गर्ने लगाव मानव संशाधन विकास ढाँचा निर्माण गर्दा भातृत्व, सबैका लागि खेलकुदको अभिप्राय बमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यावसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने,
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, सांस्कृतिक, पुरातात्त्विक बहुमूल्य सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने।

## ५. कार्य क्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ (संशोधन २०७८ समेत) बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, |
| ३. | प्रदेश स्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण, |
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, |
| ६. | प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, |
| ७. | माध्यमिक तहको परीक्षा व्यवस्थापन, |
| ८. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन, |
| ९. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| १०. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, |
| ११. | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन, |
| १२. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, |
| १३. | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन, |

| क.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १४. | राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन, |
| १५. | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मादण्ड निर्धारण र कार्यान्वयन, |
| १६. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन, |
| १७. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन, |
| १८. | औषधी निगरानी (Pharmacovigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण, |
| १९. | खोप र परिवार नियोजन, |
| २०. | संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन, |
| २१. | प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह, |
| २२. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन, |
| २३. | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन, |
| २४. | स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन, |
| २५. | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, |
| २६. | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन, |
| २७. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, |
| २८. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन, |
| २९. | जनसङ्ख्या, बसाइँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ३०. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ३१. | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन, |
| ३२. | महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान, |
| ३३. | लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण, |
| ३४. | बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवाप्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बालसुधार तथा पुनर्स्थापना, |
| ३५. | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, |
| ३६. | समाज कल्याण र सङ्घसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, |
| ३७. | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठनागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन, |
| ३८. | सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य, |
| ३९. | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका स्थलसम्बन्धी, |
| ४०. | भाषा, लिपि संस्कृति, ललित कला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४१. | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन, |
| ४२. | प्रादेशिकस्तरमा सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन, |
| ४३. | प्रदेशस्तरका पुरातात्त्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, सङ्ग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ४४. | धर्म, परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन, |
| ४५. | संस्कृतिको विकाससम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४६. | युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन, |
| ४७. | खेलकूदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन, |
| ४८. | खेलकूद प्रशासन र सङ्घ संस्थाको समन्वय र नियमन, |
| ४९. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता, |

## ६. आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८१ चैत्र मसान्त सम्मको प्रगति विवरण

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| ११५ | प्रदेश अस्पताल सुर्खेतबाट प्रदान गरिने विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको सुनिश्चितता गरिनेछ । यस अस्पताललाई प्रेषण तथा शिक्षण अस्पतालको रूपमा विकास गर्न अध्ययन पश्चात आवश्यक कानुनी व्यवस्था। | अस्पतालको तला थप कार्यको भौतिक प्रगती ७१ प्रतिशत भएको। |
| ११६ | स्वास्थ्य सेवालाई सर्वसुलभ, पहुँचयोग्य र प्रभावकारी बनाउन सल्यान, रूकुम पश्चिम, हुम्ला र दैलेख जिल्लाका जिल्ला अस्पतालहरूको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिएको। | अस्पतालबाट नियमित रूपमा सेवा प्रवाह भैरहेको एवं प्राज्ञिक प्रतिष्ठानको रूपमा स्तरोन्नतीका लागि समेत उच्चस्तरीय सुझाव समिति गठन गरी प्रतिवेदन प्राप्त भैसकेको। |
| ११७ | सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान | रुकुम पश्चिम जिल्ला स्वास्थ्य कार्यालय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको र हुम्ला, सल्यान जिल्ला स्वास्थ्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | केन्द्र र मेहलकुना अस्पतालको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने। | कार्यालय भवनको निर्माण कार्यका लागि म्याद थपको निवेदन पेश भएको, दैलेखको निर्माण कार्य हुँदै गरेको |
| ११८ | रणनीतिक तथा आधारभूत अस्पतालहरूको स्वास्थ्य पूर्वाधार तथा स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ। आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच तथा बिरामीको उपचार खर्चमा सहुलियत दिन अपाङ्ग तथा असहाय नागरिकको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता। | निर्माण कार्यले निरन्तराता पाएको। |
| ११९ | प्रदेशका सबै जिल्लामा नियमित रूपमा आधारभूत औषधी, गुणस्तरीय स्वास्थ्य सामग्री र उपकरणको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा रकमान्तरका लागि निर्णय भै आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश समेत भएको। |
| १२० | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको साझेदारीमा उक्त प्रतिष्ठानमा ब्लड बैङ्क स्थापना गरिनेछ। मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर, स्पाइनल इन्जुरी (प्यारालाइसिस) का बिरामीहरूलाई मेजर अपरेसन गर्दा उपचार खर्च प्रदान गर्ने। | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रद्वारा टेन्डर प्रक्रिया मार्फत औषधी खरिद गरी जिल्ला तथा स्थानीय तहका माग अनुसार वितरण भएको। |
| १२१ | इ-हेल्थ सेवा, टेलिमेडिसिन, विशेषज्ञ सेवा, अस्पताल एवम् प्रयोगशाला सुदृढीकरण। | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई बजेट दिनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव गरिएको र मेजर अपरेसन गरेका बिरामीहरूलाई रू. एक लाखका दरले रकम वितरण भैरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १२२ | स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित, तथ्यपरक र समयबद्ध गर्न विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सुदृढीकरण कार्यलाई निरन्तरता दिएको छु। | जाजरकोट अस्पताल र प्रदेश अस्पतालबाहेक अन्यत्र नेपाल ईएचआर लागु गरी ई-हेल्थ सेवा दिरहेको। विशेषज्ञ सेवा कार्यक्रम अन्तरगत विशेषज्ञ जनशक्तिको व्यवस्था गरेको। |
| १२३ | सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन। | निरन्तर कार्य भैरहेको। |
| १२४ | सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई पोषणको लागि प्रदेशका "क" वर्गका स्थानका लागि रू. २ हजार ५ सय र "ख" वर्गको स्थानका लागि रू. २ हजार सुत्केरी पोषण भत्ता। | मन्त्रालय र कार्यालयहरूमा RRT परिचालनका लागि बजेट विनियोजन भएको। |
| १२५ | कर्णाली प्रदेश सरकारले विगतदेखि सञ्चालनमा ल्याएको प्रति महिला स्वास्थ्य स्वयंसेविकालाई रू. १० हजार प्रोत्साहन भत्ता दिने। | नियमित रूपमा महिला पोषण सुविधा (सुत्केरी पोषण कोषेली) दिईरहेको |
| १२७ | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको सुदृढीकरण गरी कर्णालीका जडीबुटी प्रयोग गरी आयुर्वेद औषधीको उत्पादन शुरू गरिनेछ। जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरूको समेत सुदृढीकरण गरी आयुर्वेद उपचार पद्धतिलाई प्रोत्साहन गरिनेछ। नागरिक आरोग्य केन्द्रहरूको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन हुने। | आयुर्वेद उपचार पद्धतिलाई थप व्यवस्थित गर्न IPD सेवा सुचारु गर्न लागिएको एवं प्रदेशमै आयुर्वेदिक औषधी निर्माण सुरु भैसकेको (सिलाजित प्रसोधन, च्यवनप्राश, चुर्ण लगायत) र बजारीकरणका लागि प्रक्रिया अघि बढेको। |
| १२८ | कर्णाली स्वस्थ नागरिक विशेष अभियान अन्तर्गत प्रदेश सरकार, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्थानीय तह र सरोकारवाला संस्थाहरू समेतको सहयोग एवम् साझेदारीमा नागरिकको घरदैलोमा | नागरिक स्वासथ्य परीक्षण कार्यविधि, २०८१ स्वीकृत भै काम अघि बढिरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | स्वास्थ्य परीक्षण गरी स्वास्थ्य सेवा पुऱ्याउन विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने। | |
| १२९ | सुरक्षित मातृत्व, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष प्राथमिकता दिइनेछ। अस्पतालमा कार्यरत चिकित्सक लगायतका स्वास्थ्यकर्मीको क्षमता विकास गर्न तालिम, प्रशिक्षण जस्ता कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइनेछ। | नियमित रूपमा आवश्यकताका आधारमा स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन भैरहेको। |
| १३० | सङ्घीय सरकार, स्थानीय तह तथा विकास साझेदार समेतको सहकार्यमा मानसिक रोग लगायत अन्य नसर्ने रोगको नियन्त्रणका लागि प्रतिरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। | मानसिक रोग सम्बन्धी विभिन्न कार्यक्रमहरू प्रदेशभर सञ्चालन गरिएको। |
| १३१ | मातृ मृत्यु, बाल मृत्यु, शिशु मृत्यु, नवजात मृत्युदरलाई न्यूनीकरण गर्न सचेतना, परामर्श, सामाजिक व्यवहार परिवर्तन, पोषण, खोप, उपचार सेवालाई सशक्त बनाइनेछ। | मातृ मृत्यु, बाल मृत्यु, शिशु मृत्यु, नवजात मृत्युदरलाई न्यूनीकरण गर्न सचेतना, परामर्श, सामाजिक व्यवहार परिवर्तन, पोषण, खोप, उपचार सेवा प्रवाह भैरहेको। |
| १३२ | कर्णाली प्रदेशमा पोषणको क्षेत्रमा काम गर्ने विकास साझेदार संस्था एवम् सरोकावालासँग समन्वय तथा सहकार्य गरी पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरूलाई सामञ्जस्यता कायम गरिने। | पोषण सम्बन्धी कार्यहरू भैरहेको। |
| १३३ | सामुदायिक विद्यालयको पठन-पाठनलाई सहज बनाई गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्षमा ३७० वटा | जिल्ला स्थित समाजिक विकास कार्यालयमार्फत सम्झौता भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | विद्यालयको भौतिक पूर्वाधारको सुधार तथा विकासमा सहयोग गरिनेछ। | |
| १३४ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइको सुविधा विस्तार गर्न मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ कार्यक्रम। | मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ कार्यक्रम संचालन कार्यविधि, २०८१ स्वीकृति को चरणमा। |
| १३५ | हिमाली क्षेत्रका जिल्लाहरूमा निर्माणाधीन आवासीय विद्यालयहरूको पूर्वाधार विकास कार्यलाई निरन्तरता दिईनेछ। यसका लागि स्थानीय तहसँगको साझेदारीमा निर्माण कार्य गरिने। | सम्बन्धित स्थानीय तह मार्फत प्रति विद्यालय ५० लाख दरले (५ विद्यालय) उपलब्ध गराईएको। |
| १३६ | कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। कक्षाकोठा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको पेसागत विकास सम्बन्धी तालिम तथा क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। | मुगु र जुम्ला साक्षर घोषणा। |
| १३७ | प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। | एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत। |
| १३८ | प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास तथा प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छु। प्रदेशकै अग्रणी एवम् उत्कृष्ट शिक्षालयको रूपमा रहेको कर्णाली प्राविधिक शिक्षालय जुम्लाको पूर्वाधार सुधारको लागि आवश्यक बजेट विनियोजन गरेको छु। | बजेट अख्तियारी प्रदान गरी कार्य भैरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १३९ | विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु। विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सिप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रूपमा हप्तामा एक दिन किताब रहित शुक्रबार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। | जन उच्च मा.बि., अमरज्योति मा.बि. र भैरब मा.बि.मा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकका लागि बजेट व्यवस्थापन गरिएको। |
| १४१ | बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त पालिका घोषणा गर्न स्थानीय तहलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाएको छु। दलित, पछाडि परेका वर्ग, लोपोन्मुख तथा सीमान्तकृत वर्ग र समुदायलाई सशक्तीकरण गर्न अनौपचारिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गरी जीविकोपार्जन र आय आर्जन कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। | जीविकोपार्जनका लागि जीवनोपयोगी तालिमहरूको व्यवस्था। |
| १४२ | सीमान्तकृत समुदाय एवम् जोखिममा रहेका बालबालिकाको संरक्षण तथा शैक्षिक विकास सहयोग लगायत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक व्यवस्था मिलाएको छु। उद्यमी महिलाहरूलाई प्रोत्साहन गर्नका लागि एक जिल्ला एक उद्यमी महिला प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । | महिला प्रोत्साहन कार्यक्रम प्रक्रियामा रहेको। |
| १४३ | कर्णालीको साझा सन्देशः बालविवाह, छाउपडी र छुवाछुतमुक्त प्रदेश भन्ने मूल मान्यताका साथ यस्ता विकृतिपूर्ण सामाजिक तथा सांस्कृतिक मान्यताको अन्त्य गर्न प्रदेश प्रमुख सामाजिक सशक्तीकरण कार्यक्रम। | प्रदेश प्रमुख सामाजिक सशक्तीकरण कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन भै नियमित कार्यक्रमहरू सञ्चालन भैरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १४४ | कर्णाली प्रदेश सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवा आश्रम लगायतका सङ्घ-संस्थालाई सेवा सङ्ख्याका आधारमा अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। मानव सेवा आश्रमको पूर्वाधार विकास। | प्रशान्ती वृद्धाश्रमको भवन निर्माण अन्तिम चरणमा भएको र मानव सेवा आश्रमको भवन निर्माण प्रक्रियामा रहेको। |
| १४७ | प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेश रङ्गशाला निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ। यस प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुदलाई सफल रूपमा सम्पन्न गर्न आवश्यक पूर्वाधारको निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेको छु। | रङ्गशाला निर्माणको ९९ प्रतिशत कार्य सम्पन्न भइसकेको। |
| १४८ | दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने खेलाडीको मनोबल उच्च राख्न प्रोत्साहन र प्रशिक्षणको व्यवस्था मिलाइनेछ। खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु। | खेलाडीहरुलाई नियमीत प्रशिक्षण भैरहेको। |
| १५१ | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदा तथा स्थानीय भाषा, कला, संस्कृति, साहित्य, सभ्यता र ज्ञानको संरक्षण तथा प्रवर्द्धन गरी कर्णाली प्रदेशलाई भाषा कला संस्कृतिको अनुपम प्रदेशको रूपमा विकास गर्न आवश्यक व्यवस्था गरेको छु। | प्रदेश संग्रहालय तथा अभिलेखालय रहेको र नियमित रूपमा कार्यक्रमहरू सञ्चालन भैरहेको। |
| १५२ | कर्णालीको भाषा, साहित्य, कला तथा संस्कृतिको अध्ययन अनुसन्धान र संरक्षण गर्न कर्णाली प्रज्ञा प्रतिष्ठान सम्बन्धी ऐन तर्जुमा गरिनेछ।प्रदेश सङ्ग्रहालयको अभिलेखलाई अध्ययन, अनुसन्धान तथा ज्ञान निर्माण हुने गरी विकास र विस्तार गर्ने। | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा भइ स्वीकृतको क्रममा रहेको। |

## ७. आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- प्रदेश अस्पताललाई शिक्षण अस्पताल बनाउन सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाइएको,
- सिकलसेल एनिमिया परीक्षणका लागि उपकरणको व्यवस्था,
- दन्त उपचार र फिजियोथेरापी सेवा जिल्ला स्तरमा विस्तार,
- प्रदेश अस्पतालमा सुविधा सम्पन्न भवन निर्माणाधीन,
- आयुर्वेद अस्पतालबाट औषधी उत्पादन सुरु भइ आपूर्ति भएको,
- नागरिक स्वास्थ्य परीक्षण कार्यविधि कार्यान्वयनमा,
- जेष्ठ नागरिक र अपाङ्गताका लागि Prosthetics and Orthotics unit स्थापना,
- जुम्ला, डोल्पामा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन,
- शिक्षा योजना मस्यौदा तयार,
- ४५० विद्यालयमा पूर्वाधार सुधार,
- विद्यालयमा शिक्षक अनुदानद्वारा नियुक्ति,
- **"मुख्यमन्त्री डिजिटल शिक्षा कार्यविधि"** स्वीकृत,
- राउटे तथा बादी समुदाय सशक्तीकरण खाद्यान्न वितरण,
- दशौं राष्ट्रिय खेलकुद, खेल पूर्वाधार विकास।

## ८. आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/कार्यालय/निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५० | सामाजिक विकास मन्त्रालय | ६१५४००२ | ४६७३४७० | ७५.९४ |
| | **जम्मा** | **६१५४००२** | **४६७३४७०** | **७५.९४** |

## ९. आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा विनियोजित बजेट र चैत्र मसान्तसम्मको खर्चको तुलनात्मक अवस्थाः

(रू. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | २४०६०८ | ७०५९१ | २९.३४ | ४०.०४ |
| ३५०००१३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २८८३५ | ११८३१ | ४१.०३ | ५४.६४ |
| ३५०००९०१ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ९२४०१ | १८०२७ | १९.५१ | २५.३८ |
| ३५०००९०२ | प्रदेश खेलकूद परिषद् | ४२६४२८ | १०९४९५ | २५.६८ | ४३.१३ |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | ३६२०२० | ९७४२४ | २६.९१ | ६९.७४ |
| ३५००१०१२ | सामाजिक विकास कार्यालयहरू | १०२९८८२ | २२२१८३ | २१.५७ | ३२.९५ |
| ३५००२०११ | स्वास्थ्य सेवा निर्देशनालय | १२५२५२ | ३०३६८ | २४.२५ | ५३.०२ |
| ३५००२०१२ | अस्पतालहरू | ८७६६१० | ५३७५९१ | ६१.३३ | ६०.४१ |
| ३५००२०१३ | स्वास्थ्य सेवा कार्यालयहरू | ९५२८४७ | ३५८३६७ | ३७.६१ | ५६.२७ |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरू | १९९०३५ | ११९७३६ | ६०.१६ | ६२.६१ |
| ३५००२९०२ | एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २५००० | ० | ० | २.९५ |
| ३५००३०११ | मानव संशाधन विकास केन्द्र | ५१९९८ | १५५८९ | २९.९८ | ५२.१२ |
| ३५००४०११ | प्रदेश संग्रहालय तथा अभिलेखालय | २४५९६ | १०३३४ | ४२.०२ | ६०.४५ |
| ३५०९११२० | एड्स तथा यौन रोग नियन्त्रण (सङ्घ ससर्त अनुदान) | ११२३८ | ६०१० | ५३.४८ | १४.३५ |
| ३५०९११२२ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (सङ्घ ससर्त अनुदान) | ५१०० | २४२५ | ४७.५४ | ६८.७१ |
| ३५०९११२३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (सङ्घ ससर्त अनुदान) | ७२०० | १६०० | २२.२२ | २३.८३ |

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | २०८१ चैत्र सम्मको खर्च प्रतिशत | २०८० चैत्र सम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३५०९११२४ | क्षयरोग नियन्त्रण (सङ्घ ससर्त अनुदान) | १००४२ | ६२२० | ६१.९४ | ५१.३ |
| ३५०९११२५ | नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कर्यक्रम (सङ्घ ससर्त अनुदान) | ५४००० | १८९८९ | ३५.१६ | ० |
| ३५०९११२६ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३५७५ | २०६७ | ५७.८१ | १७.८३ |
| ३५०९११२७ | महामारी रोग नियन्त्रण कार्यक्रम(सङ्घ ससर्त अनुदान) | ३२७०३ | १००१५ | ३०.६३ | ३९.६ |
| ३५०९११२८ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम(सङ्घ ससर्त अनुदान) | १९१८३० | २८१३४ | १४.६७ | ३६.८४ |
| ३५०९११२९ | परिवार कल्याण कार्यक्रम(सङ्घ ससर्त अनुदान) | ४१२५८३ | १५९२१३ | ३८.५९ | ४०.९ |
| ३५०९११३१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) (सङ्घ ससर्त अनुदान) | २८८३८५ | १२८८८० | ४४.६९ | ४५.९१ |
| ३५०९११३२ | आयुर्वेद सेवा कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३२७४३ | २२५७६ | ६८.९५ | ७०.०८ |
| ३५०९११३४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४५००० | ४२७६० | ९५.०२ | ५६.१ |
| ३५०९११३५ | उपचारात्मक सेवा कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४१२५० | २५१४१ | ६०.९५ | ० |
| ३५०९११३६ | राष्ट्रिय परीक्षा बोर्ड (सङ्घ ससर्त अनुदान) | ३०९०० | २९१४५ | ९४.३२ | ७३.९८ |
| ३५०९११३८ | विद्यालय शिक्षा क्षेत्र योजना- (प्रदेश तथा स्थानीय तहका लागि) (सङ्घ ससर्त अनुदान) | १०२९७६ | २६९४४ | २६.१६ | ३८.४८ |
| ३५०९११४० | सामाजिक विकास कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ८२०० | ८१ | ०.९९ | ० |
| ३५०९११४१ | रोजगार प्रवर्द्धन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ६२४८ | ६३५ | १०.१७ | ० |
| | जम्मा | ५७१९४८५ | २११२३७१ | ३६.९३ | |

## १०. कार्यसम्पादनमा देखिएका समस्या तथा कारणः

- जनशक्ति व्यवस्थापन (पदपूर्ति, O & M र तालिम),
- प्रदेश अस्पतालको ओ.पि.डि. भवनको अभाव,
- भूकम्प प्रभावित क्षेत्रहरूको भौतिक पूर्वाधारको पुनःनिर्माण (स्वास्थ्य, शिक्षा),
- स्थानीयस्तरमा मापदण्ड नपुऱ्याई स्वास्थ्य संस्थाहरूको स्थापना,
- महामारी र प्रकोप व्यवस्थापनका लागि विपद् कोष,
- औषधी तथा औषधीजन्य सामग्रीहरूको ढुवानी (हुम्ला र डोल्पा),
- बेरुजु फर्स्योट हुन नसक्नु,
- स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुन नसक्नु,
- आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको आयुर्वेदिक औषधी उत्पादन शाखा सञ्चालन गर्न कठिनाई,
- कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ समायनुकुल नभएको,
- बजेटको घट्दो प्रवृत्ति र अनिवार्य दायित्वको थप बजेटको व्यवस्था नभएको,
- प्रदेश स्तरमा SEE परीक्षा सञ्चालन र व्यवस्थापनका लागि थप स्रोत साधनको व्यवस्था हुन नसकेको,
- सामाजिक विकास कार्यालयहरूमा दक्ष प्राविधिक जनशक्तिको दरबन्दी नरहेको,
- विगत आ.व.हरूमा सम्पन्न हुन नसकेका अधुरा विद्यालय भवनहरू रहेको,
- शैक्षिक गुणस्तर अभिबृद्धिका कार्यक्रमहरू प्राथमिकतामा नपर्नु,
- शैक्षिक उपलब्धि र SEE को नतिजा कमजोर,
- साक्षर प्रदेश घोषणा हुन नसक्नु,
- प्राथमिकता र आवश्यकताका आधारमा श्रोत परिचालन हुन नसक्नु।

## ११. मन्त्रालयबाट २०८१ मा तर्जुमा भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | कर्णाली प्रज्ञा प्रतिष्ठान विधेयक, २०८१ |
| २ | प्रदेश युवा नीति, २०८१ |
| ३ | स्वास्थ्य आपूर्ति श्रृंखला व्यवस्थापन निर्देशिका, २०८१ |

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| ४ | सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ५ | अपाङ्गता प्रदेश निर्देशन समिति (गठन, सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ |
| ६ | अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम (सङ्घ, प्रदेश र स्थानीय तह) निर्देशिका, २०८१ |
| ७ | मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ सहयोग कार्यक्रम सम्बन्धी कार्यविधि, २०८१ |
| ८ | एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ९ | वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१ |
| १० | नागरिक स्वास्थ्य परीक्षण कार्यविधि, २०८१ |

## १२. विद्यमान जनशक्तिको अवस्थाः

- स्वीकृत दरबन्दीः ११३६
- पदपूर्ति दरबन्दीः ५६९
- रिक्त दरबन्दीः ५६७

# सारांश

१. सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र विश्व व्यापार तनाव, न्यून लगानी, आपूर्ति श्रृङ्खलामा देखिएको अवरोध लगायतका कारण सन् २०२५ मा २.८ प्रतिशत रहने प्रक्षेपण छ।

२. कृषि, विद्युत तथा ग्याँस, यातायात तथा भण्डारण लगायतका क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्ष नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.६१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो आर्थिक वृद्धि ३.६७ प्रतिशत रहेको थियो।

३. चालु आर्थिक वर्ष राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू. ६१ खर्ब ७ अर्ब २२ करोड रहने अनुमान छ भने गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रू. ५७ खर्ब १६ अर्ब ३४ करोड रहेको थियो।

४. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू. २ खर्ब ५५ अर्ब ५९ करोड रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रू. २ खर्ब ४५ अर्ब २१ करोड रहेको थियो।

५. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ताको मुल्यमा ४.७४ प्रतिशत र आधारभूत मूल्यमा ४.१२ प्रतिशत रहने अनुमान छ।

६. आर्थिक वर्ष २०८०/८१ को तुलनामा चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको योगदान सिमान्त रूपमा घटेको छ भने मधेश र बागमती प्रदेशको योगदान सिमान्त रुपमा बढेको छ।

७. आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रू. ६१ खर्ब ७ अर्ब २२ करोड मध्ये बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.५२ प्रतिशत रहने अनुमान छ भने कर्णाली प्रदेशको सबैभन्दा कम ४.१९ प्रतिशत रहने अनुमान छ।

८. चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा बढ्ने अनुमान छ। कोशी, मधेश र सुदूरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औषत ४.६१ प्रतिशत भन्दा माथि रहने अनुमान छ।

९. विगत ७ वर्षमा औषत आर्थिक वृद्धिदर कर्णाली प्रदेशको सबैभन्दा बढी ४.३ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम ३.१ प्रतिशत रहेको छ।

१०. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ४.४ प्रतिशत, ३.७ प्रतिशत र ४.० प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर क्रमशः २.५ प्रतिशत, -०.५ प्रतिशत र ४.४ प्रतिशत रहेको थियो।

११. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः ३१.७ प्रतिशत, ९.४ प्रतिशत र ५८.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः ३०.३ प्रतिशत, ९.५ प्रतिशत र ६०.२ प्रतिशत रहेको थियो।

१२. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान ३१.५० र गैर कृषि क्षेत्रको योगदान ६८.५० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः ३०.१४ र ६९.८६ प्रतिशत रहेको थियो।

१३. चालु आर्थिक वर्ष २०८१/८२ मा कृषि र गैर कृषि क्षेत्रको वृद्धिदर क्रमशः ४.४ प्रतिशत र ३.९ प्रतिशत हुने अनुमान छ।

१४. चालु आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, द्धितीयक र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः ४.४, ३.७ र ४.० प्रतिशत हुने अनुमान छ।

१५. आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) ५.८ प्रतिशतले बढेर रू. २ लाख ६ हजार ४२४ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ४६७ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १ हजार ५१७ अमेरिकी डलर पुग्ने अनुमान छ।

१६. आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ४९६ अमेरिकी डलर रहने अनुमान छ। गत आ.व. नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ४४५ अमेरिकी डलर रहेको थियो।

१७. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ८९ अमेरिकी डलर रहने अनुमान छ। गत आ.व. कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ७६ अमेरिकी डलर रहेको थियो।

१८. चालु आर्थिक वर्षको फागुनसम्म कर्णाली प्रदेशको औसत उपभोक्ता मुद्रास्फीति ३.७७ प्रतिशत रहेकोमा चैत्रसम्म ३.६९ प्रतिशतमा झरेको छ।

१९. कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को चैत्रसम्म जम्मा खर्च रू. ८ अर्ब ५७ करोड ४२ लाख रहेको थियो जुन कुल बजेट विनियोजनको २५.६६ प्रतिशत हुन आउँछ।

२०. कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को चैत्रसम्म जम्मा खर्च रू. ८ अर्ब ६८ करोड ८५ लाख भएको छ जुन कुल बजेट विनियोजनको २७.६६ प्रतिशत हो। समग्रमा आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ को चैत्रसम्म २ प्रतिशत विन्दुले बजेट खर्च बढेको छ।

२१. आन्तरिक आयतर्फ आर्थिक वर्ष २०८०/८१ रू. ८३ करोड ६२ लाख अनुमान गरिएकोमा २०८१ को चैतसम्म रू. ४८ करोड ९० लाख ३६ हजार प्राप्त भएको थियो। चालु आर्थिक वर्ष २०८१/८२ मा रू. ८३ करोड ४४ लाख ६३ हजार अनुमान गरिएकोमा २०८२ को चैतसम्म रू. ३७ करोड ५६ लाख प्राप्त भएको छ।

२२. आन्तरिक राजस्वतर्फ आर्थिक वर्ष २०८०/८१ रू. ६५ करोड ९६ लाख ६० हजार अनुमान गरिएकोमा २०८१ को चैतसम्म रू. ३० करोड ९६ लाख ३६ हजार प्राप्त भएको थियो। चालु आर्थिक वर्ष २०८१/८२ मा रू. ५८ करोड ९४ लाख ३१ हजार अनुमान गरिएकोमा २०८२ को चैतसम्म रू. ३२ करोड ५० लाख ८६ हजार प्राप्त भएको छ। सो प्राप्ति गत आ. व. को सो अवधि भन्दा ५.५४ प्रतिशतले बढी हो।

२३. आर्थिक वर्ष २०८०/८१ मा विभिन्न स्थानीय तहबाट रू. २ करोड २८ लाख २५ हजार ६१४ बराबरको राजस्व बाँडफाँट बापत प्राप्त भएको थियो।

२४. आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारको रू. ३७ अर्ब ५८ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न गरिएकोमा रू. ४५ करोड ९४ लाख ८२ हजार बेरूजु कायम भएको छ जुन लेखापरीक्षण अङ्कको तुलनामा १.२२ प्रतिशत हुन आउँछ।

२५. आर्थिक वर्ष २०८०/८१ सम्म कर्णाली प्रदेशको बेरूजु रू. ४ अर्ब १२ करोड ५ लाख ८४ हजार रहेको छ।

२६. कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ मा कुल विनियोजित बजेट मध्ये ४३.८० प्रतिशत प्रत्यक्ष लैंङ्गिक उत्तरदायी बजेटको हिस्सा रहेको छ। गत आर्थिक वर्ष यस्तो हिस्सा ५३.६ प्रतिशत रहेको थियो।

२७. आर्थिक वर्ष २०८१/८२ मा जलवायु परिवर्तनमैत्री बजेट सङ्केत अनुसार प्रत्यक्ष लाभतर्फ कुल बजेटको १४.२९ प्रतिशत बजेट विनियोजन भएको छ भने गत आर्थिक वर्ष २२.६५ प्रतिशत बजेट विनियोजन भएको थियो।

२८. कर्णाली प्रदेश सरकारबाट आ.व. २०८१/८२ को चैत्रसम्म २००.११ किलोमिटर सडक कालोपत्रे/पक्की भएको छ।

२९. जनता आवास कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ को चैत्रसम्म ४ हजार ३६२ घर निर्माण भएको छ।

३०. नेपालमा वन क्षेत्रले ६३ लाख ९९ हजार ३ सय ४१ हेक्टर र झाडीबुट्यान क्षेत्रले ३ लाख ९७ हजार ९ सय १६ हेक्टर भू-भाग ओगटेको छ। यसमध्ये कुल भू-भागको ४३.३८ प्रतिशत वन र २.७० प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल क्षेत्रफल ४६.०८ प्रतिशत रहेको छ।

३१. सबैभन्दा बढी औषत आयु भएको प्रदेश कर्णाली (७२.५ वर्ष) रहेको छ भने सबैभन्दा कम औषत आयु भएको प्रदेश लुम्बिनी (६९.५ वर्ष) रहेको छ।

३२. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २६.६९ प्रतिशत रहेको छ।

३३. कर्णाली प्रदेशको सहरी क्षेत्रमा गरिबीको दर २३.२६ प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा गरिबीको दर ३०.८६ प्रतिशत रहेको छ।

३४. बहुआयामिक गरिबी दर राष्ट्रिय औषतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।

३५. कर्णाली प्रदेशको कुल जनसङ्ख्यामा ८ लाख २३ हजार ७ सय ६१ अर्थात ४८.७९ प्रतिशत पुरुष र ८ लाख ६४ हजार ६ सय ५१ अर्थात ५१.२१ प्रतिशत महिला रहेको छ भने लैङ्गिक अनुपात ९५.२७ रहेको छ ।

३६. नेपालमा घरको छाना खर/पराल/छवाली भएको परिवार ३.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा घरको छाना खर/पराल/छवाली भएको परिवार ६.५ प्रतिशत रहेको छ।

३७. नेपालमा बत्ती बाल्न अक्सर बिजुली प्रयोग गर्ने परिवार ९२.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा बत्ती बाल्न अक्सर बिजुली प्रयोग गर्ने परिवार ४९.६ प्रतिशत रहेको छ।

त्यस्तै कर्णाली प्रदेशमा बत्ती बाल्न अक्सर सोलार/सौर्य ऊर्जा प्रयोग गर्ने परिवार ४७.९ प्रतिशत रहेको छ।

३८. नेपालमा मोबाइल फोन (साधारण) प्रयोग गर्ने परिवार ७३.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा मोबाइल फोन (साधारण) प्रयोग गर्ने परिवार ८२.२ प्रतिशत रहेको छ।

३९. कर्णाली प्रदेशको (५ वर्ष वा सो भन्दा माथि) कुल साक्षरता दर ७६.१ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ८३.३ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

४०. नेपालमा मातृ मृत्युदर (प्रति लाखमा) १५१ रहेको छ भने कर्णाली प्रदेशको मातृ मृत्युदर १७२ रहेको छ।

४१. नेपालमा ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या ३० लाख ७ हजार ६ सय ४८ रहेकोमा ७४.० प्रतिशतले जन्म दर्ता गरेका छन्। त्यस्तै कर्णाली प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २ लाख ४ हजार ६ सय ३८ रहेकोमा ८७.३ प्रतिशतले जन्म दर्ता गरेका छन्।

४२. नेपालको कुल जनसङ्ख्या मध्ये २.२२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। कर्णाली प्रदेशको कुल जनसङ्ख्या मध्ये ३.१२ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता हरेको छ।

४३. कर्णाली प्रदेशको २०८१ चैत्र सम्मको प्रदेश लोक मार्ग र प्रदेश सडकको लम्बाई ५ हजार ९५७.८७ कि.मि. रहेको छ भने सडक घनत्व ०.२ कि.मि. रहेको छ।

## निष्कर्षः-

समावेशी र दिगो विकासका लागि नतिजामुखी अनुगमन, मूल्याङ्कन र सिकाई प्रणालीको अपरिहार्य छ। विकासको लक्ष्य प्राप्त गर्न सरकारले विभिन्न नीति योजना र कार्क्रम मार्फत वस्तुनिष्ठ र उदेश्य केन्द्रित गर्दछ भने सोको लागि उपयुक्त वातावरण तयार गर्दछ। यस प्रकारका योजनाले निर्धारण गरेका उदेश्यहरुलाई प्रभावकारी रुपमा हासिल गर्ने सुनिश्चितता गर्न नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था हुन आवश्यक छ।चालु आ.वं. को हालसम्मको प्रगति हेर्दा कार्य सम्पादनमा अझै सुक्ष्म रूपले अध्ययन गरी सूचकमा आधारित सुक्ष्म कार्य जिम्मेवारी, अनुगमन तथा सुपरीवेक्षण प्रणालीलाई बढी महत्व दिई पूँजीगत खर्चतर्फ सबैको ध्यान जानुपर्ने, प्रशासनिक खर्चमा मितव्ययिता अपनाइ पूँजीगत खर्च उत्पादनमूलक, आयमूलक, सेवामूलक तथा रोजगार सृजना गर्ने क्रियाकलापमा बढी जोड दिई आर्थिक वृद्धिदर बढाइ नागरिकको जीवनस्तरमा सुधार ल्याउने गरी कर्णाली प्रदेश सरकारको नीति, रणनीति र कार्यनीति तर्जुमा गर्न जरुरी छ।

कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल